चाडपर्वको बेला सवारीसाधनमा भीडभाड नगरौं, मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं। दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
epratheekdaily.com

Kirloskar Oil Engines


अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ असोज २७ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 October 13 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५१

## छठको पूर्वसन्ध्या श्रीसिया नदी फेरि गन्हाउन थाल्यो

नितेश कर्ण, वीरगंज, २६ असोज/

श्रीसिया नदी फेरि दुर्गन्धित हुन शुरू भएको छ। यसपालिको छठ पर्व कात्तिक १३ गते परेको छ तर श्रीसिया नदी निरन्तर दुर्गन्धित भइरहेको छ। तीन दशकदेखि श्रीसिया नदी प्रदूषित अवस्थामा छ। तर सरोकारवालाहरूलाई भने यो नदी छठ पर्वको बेलामा मात्र दुर्गन्धित हुने गर्छ।


प्रदूषित श्रीसिया नदी। तस्वीरः प्रतीक

वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले यो छठअगावै श्रीसिया नदी प्रदूषणमुक्त हुने घोषणा गरेका थिए। तर यसबारेमा अहिलेसम्म कुनै पहल भएको छैन। महानगरको पहलमा असोज २७ गते बिहीवार सरोकारवालाहरूको बैठक राखिएको छ।

जीतपुरसिमरा उपमहानगरपालिकाको रामवन झाडीबाट बग्ने श्रीसिया खोला जीतपुर, नितनपुर, परवानीपुर, लालपर्सा, भवानीपुर, रामगढवा, रानीघाट, छपकैया हुँदै भारततर्फ बग्ने गर्छ। यो खोलामा करीब एक दर्जनभन्दा बढी उद्योगले प्रदूषित पानी उत्सर्जन गरेकाले खोला प्रदूषित र दुर्गन्धित भएको हो। यहाँ रहेका उद्योगहरूले वाटर ट्रिटमेन्ट प्लान्ट बनाउने भनी उद्योग विभागसँग सम्झौतासमेत गरेकामा सो अनुसार काम उद्योगहरूले नगर्दा एवं उद्योग विभागले नियमित अनुगमन नगर्दा श्रीसिया नदीको यस्तो दुरवस्था देखिएको हो।

महानगरले श्रीसिया नदी प्रदूषणमुक्तका लागि बनाएको वाटर ट्रिटमेन्ट प्लान्ट पनि सञ्चालनमा छैन। करोडौं लागतमा बनेको वाटर ट्रिटमेन्ट प्लान्ट तीन वर्षअगाडि उद्घाटन भएको थियो तर अहिलेसम्म सञ्चालन हुन सकेको छैन। ट्रिटमेन्टको लागि आवश्यक पानी अपुग हुँदा सञ्चालन हुन नसकेको हो।

महानगरले एडिबीको सहयोगमा वाटर ट्रिटमेन्ट प्लान्ट निर्माण गरेको हो। श्रीसिया नदी नेपालबाट भारत पुग्छ। अन्तर्राष्ट्रिय नदी भएको कारण महानगरका फोहरहरू सीधैं नदीमा विसर्जन गर्न नपाइने हुँदा वाटर ट्रिटमेन्ट प्लान्ट बनाइएको हो तर अहिलेसम्म यसको सही उपयोग भने हुन सकेको छैन।

एकताका महानगरका फोहर श्रीसिया नदीको किनारमा फालिन्थ्यो, जसले गर्दा नदी प्रदूषण हुनुका साथै सीमावासीहरू दुर्गन्धको शिकार हुन्थे। अहिले एडिबीको सहयोगमा महानगरपालिकाले फोहर व्यवस्थापन केन्द्र बनाएको छ र महानगरबाट उत्पादित फोहरहरू केन्द्रमा पुग्छ।

महानगरका उपप्रमुख इम्तियाज आलमले बिहीवार सरोकारवालाहरूसँग श्रीसिया नदी प्रदूषणबारेमा बैठक डाकिएको बताए। उनले बैठकबाट निष्कर्ष निस्किने र त्यसलाई महानगरले पालना गर्ने जानकारी गराएका छन्। प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेलले पनि बिहीवार श्रीसिया नदीको प्रदूषण सम्बन्धमा बैठक डाकिएको बताए। उनले श्रीसिया नदी प्रदूषणमुक्त गराउने अभियानमा महानगरको प्रयास रहेको दाबी गरे।

## १६७ जनाले उम्मेदवारी दर्ता गराएकामा छजनाले फिर्ता लिए

प्रस, वीरगंज, २६ असोज/

पर्सामा चार सङ्घीय क्षेत्र तथा आठ प्रदेशसभा क्षेत्रमा १२ वटा सिटको लागि १६७ जनाले उम्मेदवारी दर्ता गराएकामा बुधवार छजनाले मात्र उम्मेदवारी फिर्ता लिएका छन्।

उम्मेदवारी फिर्ता लिनेमा क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यका उम्मेदवार शान्तिदेवी खड्का, नन्दकिशोर श्रीवास्तव, क्षेत्र नं १ (ख) प्रदेशसभा सदस्यबाट स्वतन्त्र उम्मेदवार महम्मद आलम देवान फकिर, क्षेत्र नं ३ को (क) प्रदेशसभा सदस्यका स्वतन्त्र उम्मेदवार मनोज यादव, क्षेत्र नं ४ को प्रतिनिधिसभा सदस्यतर्फ उम्मेदवारी दर्ता गराएका राष्ट्रिय स्वतन्त्र पार्टीका टेकबहादुर शाक्य र स्वतन्त्र उम्मेदवार महम्मद कलिम मन्सुर रहेका छन्।

क्षेत्र नं २ बाट कसैले आफ्नो उम्मेदवारी फिर्ता नलिएको प्रमुख निर्वाचन अधिकृत विनोदप्रसाद पोखरेलले जानकारी दिए।

पर्साका चारवटा प्रतिनिधिसभा सदस्यतर्फ निर्वाचन क्षेत्र नं १ मा २३ जना, क्षेत्र नं २ मा ११ जना, क्षेत्र नं ३ मा ११ जना र क्षेत्र नं ४ मा १२ जना गरी ५७ जनाले विभिन्न दलबाट उम्मेदवारी दर्ता गराएका छन्।

सोही पदका लागि निर्वाचन क्षेत्र नं १ मा ११ जना, २ मा तीनजना, ४ मा पाँचजना गरी २४ जना स्वतन्त्र उम्मेदवारी दर्ता भएको छ।

आठजना प्रदेशसभा सदस्यतर्फ विभिन्न दलबाट निर्वाचन क्षेत्र नं १ (क)बाट १८ जना, (ख)बाट २१ जना, क्षेत्र नं २ को (क)बाट नौजना, (ख)बाट १४ जना, क्षेत्र नं ३ (क)बाट १३ जना र (ख)बाट १४ जना, क्षेत्र नं ४ को (क)बाट १० जना र (ख)बाट ११ जनाले उम्मेदवारी दर्ता गराएका छन्।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन २०७९




स्वतन्त्रतर्फ क्षेत्र नं १ (क)बाट १२ जना र (ख)बाट १३ जना, क्षेत्र नं २ को (क)बाट पाँचजना र (ख)बाट नौजना, क्षेत्र नं ३ को (क)बाट आठजना र (ख)बाट आठजना, क्षेत्र नं ४ को (क)बाट तीनजना र (ख)बाट पाँचजनाले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन्।

## पत्नी र छोराछोरीको हत्याको आरोपमा चौधरी पक्राउ

प्रस, परवानीपुर, २६ असोज/

बारामा एक व्यक्तिले पत्नी र छोराछोरीको हत्या गरेको प्रहरीले जनाएको छ। प्रसौनी गाउँपालिका-५ प्रस्टोका बस्ने २७ वर्षीय दीपेन्द्र चौधरीले २५ वर्षीया पत्नी सुजाता चौधरी, चार वर्षकी छोरी ताहिरा चौधरी र १६ महीनाका छोरा राजवीर चौधरीको हत्या गरेको बारा प्रहरीले जनाएको छ।

सोमवार साँझ धारिलो हतियार प्रहार गरी पत्नी र छोराछोरीको हत्या गरेको र शव घरभन्दा डेढ किलोमिटर पर डोर खोलाको झाडीमा फालेको प्रहरीले जनाएको छ।

घटनाबारेमा थप विवरण आउन बाँकी रहेको बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले बताए। दीपेन्द्रको मानसिक अवस्था ठीक नभएको र घटनापछि प्रसौनीबाट नेशनल मेडिकल कलेज जाँदै गरेको अवस्थामा सोमवार राति १२ बजे उनी बाटोमा लडेको देखेर प्रहरीले उद्धार गरी एलएस न्यूरो अस्पतालमा उपचारको लागि भर्ना गरेको थियो। घटना भएको दुई दिनपछि गाउँलेले शवलाई देखेपछि प्रहरीलाई खबर गरेका थिए।


घटनास्थलबाट शव नियन्त्रणमा लिंदै प्रहरी। तस्वीरः प्रतीक

## श्रीसिया नदी स्वच्छ बनाउनुपर्ने माग गर्दै ज्ञापन

प्रस, रक्सौल, २६ असोज/

सरोकार मञ्चले भारत र नेपालका अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै छठ पर्वभन्दा पहिले श्रीसिया नदीलाई स्वच्छ बनाउनुपर्ने माग गरेको छ।


तस्वीरः प्रतीक

मञ्चका अध्यक्ष सेवक सौरभनाथले भारतको पूर्वी चम्पारणका डिएमलाई इमेलमार्फत तथा वीरगंजस्थित भारतीय महावाणिज्यदूत नितेश कुमार, वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंह र वीरगंज उद्योग वाणिज्य सङ्घका कार्यवाहक अध्यक्ष अनिल अग्रवाललाई कार्यालयमैं पुगेर ज्ञापनपत्र बुझाएका थिए।

ज्ञापनपत्रमा भारत-नेपाल जोड्ने जीवनदायिनी श्रीसिया नदीको फोहर सफा गर्नुपर्ने, नेपालका कलकारखानाले श्रीसिया नदीमा विसर्जन गर्दै आएको अवशिष्टमाथि रोक लगाउनुपर्ने माग गरिएको छ।

छठ पर्वमा नेपाल-भारतका व्रतालु महिलाहरूले श्रीसिया नदीमा अर्घ्य दिने भएकाले छठ पर्वभन्दा पहिले नदी सफा गर्नुपर्ने माग गरेका छन्।

ज्ञापत्रपत्र बुझाउन मञ्चका सचिव राजेशकुमार वर्मा, कोषाध्यक्ष राजेश केशरीवाल, सदस्य रञ्जनकिशोर मिश्रलगायत सहभागी थिए।

## उम्मेदवारी फिर्ता गराउन बारामा प्रहरी परिचालन

प्रस, वीरगंज, २६ असोज/

बारा क्षेत्र नं ४ (क)बाट प्रदेशसभामा स्वतन्त्र उम्मेदवारी दिएकी नारायणी (निरू) रायमाझीलाई उम्मेदवारी फिर्ता गराउन प्रहरीले दबाब दिएको घटना सार्वजनिक भएको छ।

बुधवार उम्मेदवारी फिर्ता गर्ने अन्तिम दिन रहेकोमा सत्तारूढ गठबन्धनमा आबद्ध रायमाझीले गठबन्धनको निर्णयविरुद्ध स्वतन्त्र उम्मेदवारी दिएकीले उनलाई उम्मेदवारी फिर्ता गराउन प्रहरी परिचालन गरिएको हो। सिमराको एउटा होटलमा शुभेच्छुकहरूसँग बसेकी रायमाझीलाई प्रहरीले होटलमा पुगेर नियन्त्रणमा लिन खोजेको थियो। इलाका प्रहरी कार्यालय, सिमराका प्रहरी नायब उपरीक्षक युवराज तिमल्सिना नेतृत्वको टोलीले रायमाझीलाई अपहरण भएको भनी नियन्त्रणमा लिन खोजेको थियो। प्रनाउ तिमल्सिनाले प्रहरीमा रायमाझी अपहरणमा परेको सूचना आएकोले आफूसँग हिंड्न आग्रह गरेका थिए। तर उनका शुभेच्छुकहरूले प्रहरीसँग जान दिएनन् र सो क्रममा प्रहरी-कार्यकर्ताबीच केही बेर तनाव भयो।


सिमराको एउटा होटलमा रायमाझीलाई नियन्त्रणमा लिन गएको प्रहरी। तस्वीरः सौजन्य

रायमाझीका समर्थकहरूको अवरोधका कारण त्यहाँबाट प्रहरी आधा घण्टापछि फर्किएको थियो। रायमाझीलाई नेकाका शीर्ष नेताहरूले उम्मेदवारी फिर्ता गर्न निरन्तर दबाब दिंदै आएका थिए। आज दिउँसो १ बजेसम्म उम्मेदवारी फिर्ताको अवधि थियो र यही क्रममा प्रहरीले रायमाझीलाई अपहरणको बहानामा नियन्त्रणमा लिएर उम्मेदवारी फिर्ता गराउन खोजेको थियो। रायमाझीले आफू अपहरणमा नपरेको र प्रहरी सत्ताको दुरुपयोगमा परेको आरोप लगाइन्। उनले प्रहरी सेवा जनताको हितमा हुनुपर्नेमा सत्ताउन्मुख भएको आरोप लगाइन्।

## शान्ति सुरक्षा नपाएको आरोप

प्रस, रौतहट, २६ असोज/

'सम्पूर्ण शोषित किसान मजदूर एक हौं' मूल नाराका साथ बुधवार मिटर ब्याजी तथा ठगीविरुद्ध किसान मजदूर सङ्घर्ष समिति, रौतहटले पत्रकार सम्मेलन गरी आफूहरूले न्याय नपाएको बताएका छन्। जिल्ला प्रशासन कार्यालय, रौतहटमा बोलाइएको मिटर ब्याजी महाजन तथा ऋणीसँगको छलफलमा महाजनले छलफलअगाडि नै ऋणीलाई कुटपिट गरिरहँदा शान्ति सुरक्षा नपाएको आरोप लगाए।

मिटर ब्याजी तथा ठगीविरुद्ध किसान मजदूर सङ्घर्ष समिति मधेस प्रदेश संयोजक सरस्वती मिश्रले पटकपटकको समयपछि मङ्गलवार जिल्ला प्रशासन कार्यालयको मुद्दा शाखामा पीडितहरूसँग बसिरहेको अवस्थामा पीडकहरूद्वारा परिचालन गरिएको गुन्डाहरूद्वारा पीडित माथि आक्रमण गरेको आरोप लगाइन्।

जिल्ला प्रशासन कार्यालयमा ८० र जिल्ला प्रहरी कार्यालयमा ४० गरेर १२० वटा मिटरब्याजीविरुद्ध उजूरी दर्ता भएको जिप्रकाले जनाएको छ। उजूरी परेको आधारमा आवश्यक अनुसन्धान कार्यलाई अघि बढाउँदै पीडितलाई बोलाउँदै पीडकलाई प्रहरीमार्फत समातेर ल्याउने कार्य पनि जारी रहेको जिप्रकाबाट थाहा भएको छ। दुवै पक्षले कार्यालय होहल्ला गरेपछि प्रहरीले दुवै पक्षलाई कार्यालयबाट बाहिर निकालेको प्रजिअ कृष्णबहादुर शाहीले बताए।

## विचारसार एवं सूक्तिहरू

**औषधि' औषधिको बोतल र गोली मात्र होइन । केही औषधि यस्ता छन्, जसको उपयोग गर्दा कुनै रोग लाग्दैन । जस्तै–७. सधैं खुशी रहनु एउटा औषधि हो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# बेरोजगारी जस्ताको त्यस्तै

**निर्वाचनको खैलाबैलामा यो वर्ष सिद्धिने देखिएको छ। वैशाखको अन्तयमा भएको स्थानीय तहको निर्वाचन एक चरणमा सकियो भने अब लगत्तै मङ्सिर ४ गते पुनः एक चरणमा प्रदेशसभा तथा प्रतिनिधिसभाको निर्वाचन हुन गइरहेको छ। यस निर्वाचनको परिणाम आउन्जेल झन्डै महीना बित्ला। यी निर्वाचनहरूले देशको राजनीतिक गतिविधिलाई मात्र उत्तेजित पारेको छैन, सम्पूर्ण राष्ट्रिय जनजीवनमा नै तरङ्ग ल्याइदिएको छ । यसअघि नेपालको राजनीति टुक्राटुक्रामा मात्र गतिमान थियो, सामान्यजनसम्म पुग्न सकेको थिएन । जनताको लागि राजनीति भनेको सत्तामा सहभागिता हो । मूलधारको राजनीति जन्मनै नसकेको बेला जनताले सत्तामा सहभागिता वा राजनीतिमा चासो भन्ने कुरा अमूर्त भाव मात्र हो । सबै तहको नियमित निर्वाचनविना लोकतान्त्रिक शासन पद्धतिमा जनताले सत्तामा सहभागिता जनाउन सक्दैन। टाठाबाठा र शक्तिशाली केही राजनीतिक दलले मात्र राजनीति गर्छन् ।**

**अब पानी धमिलो पारेर राजनीतिक माछा मार्ने बठ्याइँ छेउ लागेको छ। अब त साधन, सीप र अनवरत् साधनाले मात्र राजनीतिक माछा मार्न सकिन्छ। नेपालको राजनीतिले सन्दर्भ फेर्न लागेको छ। यसअघि वाम–वाम एक ठाम भएको थियो र देशमा उनीहरूले झन्डै दुई तिहाइ सिट ओगटेका थिए । तर तीन वर्षे अवधि पूरा भएसँगै अहिले वाम र प्रजातान्त्रिक शक्तिहरूबीचको गठबन्धन बनेको छ। स्थानीय निर्वाचनमा यही शक्तिको विजयी भयो र नेपाली काङ्ग्रेस पहिलो दल बन्यो। जबकि यसअघि एमालेको बहुमत थियो। यो त भयो राजनीतिक अवसर, मौकामा चौका हान्ने कुरा र सक्दो लाभ लिन सक्ने बठ्याइँको पराकाष्ठा। तर सामान्य जनताको जीवनलाई यसले पारेको असर भने अहिले छताछुल्ल भएर बाहिर निस्कन लागेको छ। त्यसको एउटा उदाहरण चरम राजनीतिक सङ्क्रमणले निम्त्याएको बेरोजगार हो। भर्खरै जिल्लाको प्रहरी प्रमुख कार्यालयको अगाडि उभिएर हेर्दा बेरोजगारी कति टीठलाग्दो भएको छ स्पष्ट देखिएको छ। हजारौं मानिस म्यादी प्रहरी बन्नका लागि उखरमाउलो घाममा लाम लागेका थिए । हुनत विकसित देशहरूमा पनि शतप्रतिशत रोजगार छैन । काम निस्केको ठाममा लाम लागेको देखिन्छ नै । तर नेपालजस्तो विकासोन्मुख देशमा मोटरसाइकल चढ्ने मानिस बेरोजगारी भएपनि म्यादी जागीरको लागि तँछाड गर्ने दृश्य सार्वजनिक भइरहेको छ। हो, देशैभरि प्रहरी कार्यालयहरूअगाडि मानिसको लाम मात्र होइन, तिनीहरूको मोटरसाइकलको पनि लाम देखिन्छ ।**

**मानिस आवश्यकताले मात्र जागीर खान जाँदैन। काम नपाएर व्यस्त हुनका लागि पनि जागीर खान्छ । प्रहरी कार्यालयहरूअगाडि मोटरसाइकलहरूको लामले यसै कुराको सङ्केत गर्दछ। आज देश युवाविहीन भएको छ, देशमा भएका खाँदापिउँदा युवा म्यादी जागीर खान घाममा लाम लागेका छन्। बितेको दिनमा अपराध कर्म बढेको थियो, अराजकता बढेको थियो, किनभने राजनीतिले सही बाटो समाउन सकेको थिएन। तर देश लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको पनि अहिले डेढ दशक हुन लाग्यो। यो अवधिमा पनि देशले प्रगति गर्न सकेको छैन। रोजगारको लागि विदेशिनुको विकल्प छैन भने स्वदेशमा रोजगारको लागि चुनाव मात्र अवसर बनेको छ। यसतर्फ नयाँ नेतृत्वमा आउने राजनीतिक शक्तिहरूले सोचविचार गर्न जरुरी छ।**

# दृष्टि दिवस र दृष्टिदोषको विस्तार

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**अहिले गाली र तालीको मात्रा जसरी सामाजिक सञ्जालमा आएको देखिन्छ, यसले दृष्टिदोषसम्बन्धी महामारी आएको अनुमान हुन्छ। यस्तो महामारीलाई स्वस्थ आलोचना वा समालोचनाको औषधिले राहत दिन सक्छ तर यस्तो औषधि बनाउने उद्योग आफैं बिरामी छ।**

सामान्यतया आँखामा दृष्टि अर्थात् हेराइ वा देखाइसम्बन्धी समस्यालाई दृष्टिदोष भन्न सकिन्छ तर यो भनाइ पूर्ण होइन। आँखाको जुनसुकै समस्या पनि दृष्टिसित जोडिन आउँछ। दृष्टि भनेको आँखा पनि हो । र, आँखासँग सम्बन्धित सबै कुरालाई यसले समेट्दछ ।

आजभोलि आँखाको समस्या बढेर गएको छ। पहिले सानै उमेरमा चश्मा लगाउने मानिस विरलै देखिन्थे, आजभोलि सानै उमेरमा चश्मा लगाएको देखिन्छ । उमेर बढ्दै गएपछि चश्मा लगाउने मानिसको सङ्ख्या पनि बढ्दै गएको देखिन्छ ।

हुनत चश्मा प्रयोग भएकै आधारमा आँखाको समस्या हो भन्न सकिन्न। यो अनुमान गलत किन हुन्छ भने आँखालाई घाम, पानी, हावा र चीसोबाट जोगाउन पनि धेरैले चश्मा लगाइरहेका हुन्छन् । धेरै कडा घाममा हेर्दा आँखा तिर्मिराउँछ, यस्तो बेला आँखा शीतल पार्ने चश्मा मानिसले प्रयोग गर्न थालेका छन्। यसै गरी कडा घाममा कतै बाहिर निस्कँदा घाम वा घामको प्रभाव आँखामा नपरोस् भनेर आँखालाई सुरक्षित बनाउन पनि चश्मा प्रयोग हुन थालेको छ। चश्माले मोटरसाइकल चालकलाई हावाको वेगबाट सुरक्षित राख्छ । कहिलेकाहीं हावामा धूलो वा धूवाँको मात्रा बढी हुन्छ, यस्तो अवस्थामा धेरै हदसम्म चश्माले आँखा जोगाउन सहयोग गर्दछ । यसै गरी जाडोको महीनामा कतै यात्रा गर्नुपर्दा बाहिरी चीसोले आँखालाई प्रभावित पार्न सक्छ । यसैले आँखालाई चीसोबाट जोगाउन पनि चश्माले धेरै सहयोग गरेको छ। यी कारणका साथै मानिसले आफ्नो व्यक्तित्व बढाउन वा चश्मा सुहाउँछ भन्दै चश्मा लगाएको देखिन्छ। यसरी के स्पष्ट हुन्छ भने चश्मा लगाउनुको उद्देश्य फरक हुन सक्छ, कारण पृथक हुन सक्छ । चश्मा लगाउनेको सङ्ख्या बढिरहेको र आँखाका बिरामी पनि बढिरहेका छन् भन्ने कुरो पनि सत्य हो ।

मानिसका निकै संवेदनशील अङ्गमध्ये आँखा एक हो । आँखामा कुनै समस्या हुँदा अन्य अङ्गजस्तै दुखाइ वा पीडा वा समस्या त हुन्छ नै, दृष्टि वा हेराइमा पनि समस्या हुन्छ । यद्यपि अन्य कुनै समस्या नभई दृष्टि वा हेराइसित सम्बन्धित समस्या पनि हुन सक्छ। यस्तो समस्या दिन प्रतिदिन बढ्दै गएको पाउँछौं। यसका अनेक कारण छन् । शहरीकरण, अव्यवस्थित जीवन, खानपान, धूमपान तथा दुर्घटना आदि मुख्य कारण छन्। यसका साथै आँखामा कुनै विशेष खालको किरण पर्नु तथा मोबाइलको अत्यधिक प्रयोग पनि आँखामा खराबी ल्याउने कारण हुन सक्छ । एकोहोरो धेरै बेर कम्प्युटरमा बस्नु, आँखामा अगाडिबाट निरन्तर उज्यालो परिरहनु वा उज्यालोको स्रोतमा नजर गइरहनु, हेर्न वा पढ्न असजिलो लागेको थाहा हुँदाहुँदै बलजफ्ती बढी बल दिएर हेर्न खोज्नुजस्ता कारण पनि आँखामा दृष्टिसम्बन्धी समस्या ल्याउन जिम्मेवार मानिन्छन् । आँखाबाट निरन्तर काम लिइरहनु, आराम नदिनु, नशामा चोट लाग्नु तथा अन्य धेरै कारणले आँखामा हेराइसम्बन्धी समस्या आउन सक्छ । यद्यपि अहिले मोबाइलको कारण सबैभन्दा बढी आँखामा समस्या आइरहेको बताइन्छ। बजारमा पाइने हरियो तरकारीमा अनियन्त्रित विषादि प्रयोगले पनि समस्या ल्याउने गरेको आँखा रोगसम्बन्धी जानकारहरू बताउँछन्।

आँखा रोगीहरूले धेरै कुरामा ध्यान दिनुपर्छ र आँखाप्रति संवेदनशील हुनैपर्दछ। बाहिरको चमकदमक हेर्न पल्केको आँखा आफूभित्रको संसार हेर्न वञ्चित रहन्छ । दार्शनिकहरूले यस्तो भने पनि आँखाविना संसार अँध्यारो हुन्छ भन्ने कुरा सबैले बुझेका छन्। यसकारण चिकित्सकको सल्लाह लिएर आँखाको राम्ररी हेरचाह गर्नैपर्दछ। आँखाको राम्रो हेरचाह गर्नुको अर्थ आँखालाई हरेक दिन आवश्यकतानुसार सफा पानीले धुनु पनि हो। कतिपय चिकित्सक आँखा चिम्लनु तथा आँखाको व्यायाम गर्नु र आँखालाई आराम दिनु पनि आवश्यक हुन्छ। विश्राम वा आरामले आँखामा स्फूर्ति आउँछ । आँखाको दृष्टि क्षमता बनिरहन्छ ।

आँखालाई उपयुक्त हुने आहारविहार जरूरी हुन्छ भन्ने कुरो सबैले बुझेको सत्य हो । हरेक मानिसले हरियो सागसब्जी, दूध तथा माछा र मासुका साथै विभिन्न किसिमका फलफूल खाइरहनुपर्छ । आँखाको लागि राम्रो आहार भनेको हरियो सागसब्जी हो । हरियो सागसब्जी किन्दा वा खाँदा विचार गर्नुपर्ने कुरो पनि महत्त्वपूर्ण हुन्छ । बजारमा पाइने निकै हरियो देखिने तथा ताजा लाग्ने सागसब्जीप्रति कतिपयले सचेत हुनुपर्ने बताइरहेका छन् । निकै राम्रो देखिने तथा निकै हरियो अर्थात् कालो हरियो देखिने कतिपय सागमा भर्खर केही दिन पहिले रासायनिक मल वा विषादि प्रयोग गरिएको हुन सक्छ । कीरा मार्न विषादिको प्रयोग त किसानको बाध्यता हो तर कीरा नियन्त्रणको लागि जहर प्रयोग गरेको केही दिनमैं बजारमा ल्याएर बिक्री भइरहेको कुरा उपभोक्ताले बुझिरहेको हुँदैन। उपभोक्ताले यही कुरा नबुझ्दा हरियो तरकारी तथा हरियो सागसित जहर खाइरहेका हुन्छन्। यही विषादिले आँखालाई फाइदा पुर्‍याउनुको साटो नोक्सान गरिरहेको हुन्छ ।

दृष्टिविहीनताबाट जोगिन आँखाको स्वास्थ्यप्रति सजग रहनुपर्छ। नेपालबाटै विश्वप्रसिद्ध नेत्ररोग विशेषज्ञ डा. सन्दुक रूइतले नेपालको आँखा रोगको उपचारमा मात्र नभई विश्वमा नै ठूलो योगदान दिएका छन् । आँखा रोगको उपचारमा डा. रूइतले दिएको योगदानको विश्वले नै कदर गरेको छ । तिनको उपचार पद्धति विश्वको लागि नै नौलो छ र सस्तो हुनुका साथै भरपर्दो अनि आँखाको अपरेशन गर्दा नदुख्ने किसिमको रहेको छ । कतिपयले डा. रूइतलाई आँखाको भगवान नै मान्दछन् ।

आँखासम्बन्धी रोग र दृष्टिदोषमा सामान्यतया फरक अर्थ पाउन सकिन्छ। दृष्टिदोष त आँखाको दोष हो भन्ने कुरा बुझ्न खासै अप्ठ्यारो छैन तर दृष्टिदोषले दृष्टिभ्रमकै अर्थ मात्र दिन्छ भन्ने होइन। आजभोलि हेर्ने एक थोक र बुझ्ने अर्को थोक भइसकेका मानिस धेरै छन्। जसरी सुन्ने एक थोक र बुझ्ने अर्को थोक मानिस हुँदा सुनाइको दोष मान्दैनौं, त्यसै गरी हेर्दा एक थोक देख्ने तर अर्कै थोक बुझ्ने मानिसलाई दृष्टिकोण भएको मानिन्छ। आजभोलि यही दृष्टिकोणसम्बन्धी रोग मानिसमा बढेको छ। अझै बढ्दै गएको छ। किन बढिरहेको होला दृष्टिदोष ?

दृष्टिदोषको उपचार त सम्भव भइरहेको छ तर दृष्टिकोणसम्बन्धी दोषको उपचार गर्ने पनि कुनै रूइत चाहिन थालेको छ । आजभोलि केहीको पनि आलोचना धेरै भइरहेको पाइन्छ । तर सामाजिक सञ्जालमा अहिले बढी मात्रामा समर्थनको बाढी आएको देखिएको छ। प्रशंसा र विशेषणका शब्द भरिएका अनेक उपमा दिँदै आसन्न निर्वाचनका उम्मेदवारहरूको प्रशस्ति गान भइरहेको छ। फेरि सबै कुरालाई नकारात्मक चित्रण गरिएको नभई जब तीव्र समर्थन वा प्रशंसा हुन्छ भने यसलाई नराम्रो किन मान्ने ? भनिन्छ, अति सर्वत्र वर्जित हुन्छ। सधैं नकारात्मक टिप्पणी गर्नेहरूले एक्कासि प्रशंसाको पुल बाँध्दा एउटा अतिबाट अर्को अतिमा प्रवेश हुनु हो । दुवै खराब दृष्टिकोण हुन्। दुवै अवस्थाले समाजमा अपेक्षित विकास वा प्रगति हुँदैन। सामाजिक सञ्जालमा छरिएका उम्मेदवारसम्बन्धी दुई किसिमका दृष्टिकोणबीच मानिसले धारणा बनाउनु परेको छ। सर्वसाधारणले त बढी मात्रामा सिक्ने वा सुन्ने भनेको पढेलेखेका मानिसबाट नै हो।

अहिलेजस्तो बुद्धिजीवीहरू पहिले कहिल्यै विभाजित भएका थिएनन्। अहिले गाली र तालीको मात्रा जसरी सामाजिक सञ्जालमा आइरहेको देखिएको छ, यसले दृष्टिदोषसम्बन्धी महामारी आएको अनुमान हुन्छ । यस किसिमको महामारीलाई स्वस्थ आलोचना वा समालोचनाको औषधिले मात्र केही राहत दिन सक्छ तर यस किसिमको औषधि बनाउने उद्योग बिरामी छ । जब दृष्टिकोण उद्योग बिरामी हुन्छ तब सन्दुक रूइतजस्ता महामानवको खोजी हुन्छ जसले लाखौंलाई उपचार गरेर आँखा देख्न सक्ने बनाएका छन्। आजको दृष्टि दिवसले दृष्टिकोणमा खराबी हुनेहरूमा पनि सकारात्मक दृष्टिकोण बनाउन सहयोग गरोस् ।

# नेता श्रेष्ठद्वारा एमाले परित्याग, स्वतन्त्र उम्मेदवारी

प्रस, निजगढ, २६ असोज/

बारा, निजगढका मधेस प्रदेश सदस्य एकबहादुर श्रेष्ठले बुधवार निजगढमा पत्रकार सम्मेलन गरी नेकपा एमाले परित्याग गरेको घोषणा गरेका छन् ।




साबिक निजगढ आदर्श गाउँविकास समितिका अध्यक्षसमेत रहेका उनलाई पार्टीले प्रदेशसभाको टिकट नदिएपछि बारा १ (क)बाट स्वतन्त्र उम्मेदवारी दिएका श्रेष्ठले बुधवार पार्टीको साधारण सदस्यबाट समेत राजीनामा दिएका छन्। नेकपा एमालेमा सिद्धान्तको राजनीति सकिएको भन्दै पार्टीले स्थानीय नेता, कार्यकर्ता र जनभावनाविपरीत टिकट दिएको भन्दै आफूले स्वतन्त्र उम्मेदवारी दिन बाध्य भएको उनले बताए। उनीसँगै उनका प्रस्तावक नारायण भनिने यमबहादुर खड्का र समर्थक गोपालप्रसाद लम्सालले समेत पार्टीको साधारण सदस्यबाट राजीनामा दिएका छन् । खड्का पञ्चायतकालमा साबिक निजगढ वडा नं ७ का अध्यक्ष हुन् भने अघिल्लो स्थानीय तहको निर्वाचनमा नगरप्रमुख पदका उम्मेदवारसमेत हुन् ।

त्यसैगरी, लम्साल पञ्चायतकालदेखि नै पार्टीमा सक्रिय, जुझारु नेतासमेत हुन्। एमाले पार्टीले पुनः त्रिलोकी चौधरीलाई

(बाँकी अन्तिम पातामा)

# सहकारीको साधारणसभा सम्पन्न

प्रस, सिम्रौनगढ, २६ असोज/

मर्यादित श्रम र पर्यटनका लागि सहकारी भन्ने नाराका साथ बुधवार बाराको सिम्रौनगढ–८ टोल कचोर्वामा साना किसान कृषि सहकारी संस्थाको दोस्रो वार्षिक साधारणसभा दुर्गा मन्दिरको प्राङ्गणमा सम्पन्न भएको छ।



तस्वीर: प्रतीक

यस अवसरमा प्रमुख अतिथि सिम्रौनगढ नगरपालिकाकी उपप्रमुख नजमु शेहरले सहकारीले ग्रामीण अर्थतन्त्र चलायमान बनाउने, महिलाहरूको क्षमता विकास महत्त्वपूर्ण काम गर्दै आएको बताए । वनले अगाडि बताए कि यो साना किसान कार्यक्रमको माध्यमबाट आबद्ध सदस्य परिवारको साउ महाजनको चर्को ब्याजबाट पनि मुक्ति पाएको बुझिएको छ। यस सम्बन्धमा सिम्रौनगढ नगरपालिकाले यहाँका कृषकहरूको लागि कृषि मिटरको बील भुक्तानी नगरपालिकाले बेहोर्ने यो सूचनामार्फत जानकारी गराइसकेको छ। साथै कृषि क्षेत्रमा प्राविधिकको व्यवस्था मिलाउने, समयमा मलबीउको व्यवस्था मिलाउने बताए ।

यस्तै, साधारणसभामा साना किसान कृषि सहकारी सङ्घ, बाराका अध्यक्ष मिश्रीलाल सहनीले बताए कि यहाँ साना किसान कृषि सहकारी संस्थाले महिलामा आफ्नो अधिकार र कर्तव्यको बोध जगाएको छ। चार वर्ष पूर्व यहाँ कार्यक्रम गर्न आउँदा मुश्किलले महिलाहरूको सहभागिता हुन्थ्ये त्यो पनि धेरै कम तर यो साना किसानले चार वर्षमा यति प्रगति गर्‍यो कि यहाँ महिलाहरूको सहभागिता बढेको र महिलाहरू स्वयम्

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा पर्सा जिल्लाका उम्मेदवारहरू

## प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिएका उम्मेदवारहरू

| क्रसं. | नाम | पार्टी |
|---|---|---|
| **पर्सा क्षेत्र नं. १** | | |
| १ | अजयकुमार द्विवेदी | स्वतन्त्र |
| २ | अजयकुमार रिजाल | नेपाल सुशासन पार्टी |
| ३ | किरणमान डंगोल | राप्रपा |
| ४ | जितेन्द्रप्रसाद कुर्मी | नेपालका लागि नेपाली पार्टी |
| ५ | दिलीपकुमार साह | स्वतन्त्र |
| ६ | धर्मेन्द्रकुमार साह | स्वतन्त्र |
| ७ | नौसाद अन्सारी | स्वतन्त्र |
| ८ | प्रदीप यादव | जसपा |
| ९ | फरिद आलम | स्वतन्त्र |
| १० | वरूण चौरसिया | स्वतन्त्र |
| ११ | बालेश्वर खाँ चौधरी | स्वतन्त्र |
| १२ | मुकेश कुशवाहा | नेमकिपा |
| १३ | मो. साहेब मियाँ | स्वतन्त्र |
| १४ | लक्ष्मणलाल कर्ण | लोसपा |
| १५ | लकीचन्द साह तेली | स्वतन्त्र |
| १६ | शङ्करकुमार कर्ण | स्वतन्त्र |
| १७ | शङ्करप्रसाद चौरसिया | नेकपा (मार्क्सवादी) |
| १८ | सुन्दर साह कानू | नेपाल लोकतान्त्रिक पार्टी |
| १९ | सुरेशप्रसाद साह | नेपाल जनता पार्टी |
| २० | हविहसिबुल रहमान अन्सारी | राष्ट्रिय जनमुक्ति पार्टी |
| २१ | हृदयनारायणप्रसाद बरै | स्वतन्त्र |
| **क्षेत्र नं. २** | | |
| १ | अजय चौरसिया | नेपाली काङ्ग्रेस |
| २ | उमेशप्रसाद कुर्मी | नेपाल सद्भावना पार्टी |
| ३ | उमेश बरै | स्वतन्त्र |
| ४ | गणेशराज साह | स्वतन्त्र |
| ५ | दीपकराज पटेल | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ६ | नरेशकुमार साह | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ७ | योगेन्द्रप्रसाद यादव | स्वतन्त्र |
| ८ | सत्यनारायण प्रसाद | जनशक्ति पार्टी |
| ९ | सरोजकुमार साह | नेमकिपा |
| १० | सुरेन्द्रप्रसाद कुर्मी | जसपा |
| ११ | हरिप्रसाद साह कानू | नेपाल लोकतान्त्रिक पार्टी |
| **क्षेत्र नं. ३** | | |
| १ | अशोक कँडेल | राष्ट्रिय स्वतन्त्र पार्टी |
| २ | आशाकाजी वनमाला | नेमकिपा |
| ३ | अंगद ठाकुर | राप्रपा |
| ४ | धुरेन्द्र पटेल | स्वतन्त्र |
| ५ | प्रदीपकुमार रौनियार | स्वतन्त्र |
| ६ | महम्मद अलि अकबर अन्सारी | स्वतन्त्र |
| ७ | राजकुमार गुप्ता | एमाले |
| ८ | राजकुमार यादव | नेपाल सुशासन पार्टी |
| ९ | रामप्रसाद महतो चाइ | स्वतन्त्र |
| १० | सुमीरकुमार साह | स्वतन्त्र |
| ११ | सुरेन्द्रप्रसाद चौधरी | नेका |
| **क्षेत्र नं. ४** | | |
| १ | अजयकुमार यादव | जनमत पार्टी |
| २ | अवधेशप्रसाद गौरो | राप्रपा |
| ३ | जज महम्मद | स्वतन्त्र |
| ४ | जालीम मियाँ | एमाले |
| ५ | महेन्द्रकुमार चौधरी | स्वतन्त्र |
| ६ | रमेश रिजाल | नेका |
| ७ | राजकुमार वनमाला | नेमकिपा |
| ८ | रामाशीष महतो कोइरी | नेपाल जनता पार्टी |
| ९ | हरिओम साह कानू | स्वतन्त्र |
| १० | हेतुल्लाह मियाँ | स्वतन्त्र |

## प्रदेशसभा सदस्यमा उम्मेदवारी दिएका उम्मेदवारहरू

| क्रसं. | नाम | पार्टी |
|---|---|---|
| **पर्सा क्षेत्र नं. १ (क)** | | |
| १ | अनिलकुमार कुशवाहा | राप्रपा |
| २ | अब्दुल बर्काल अन्सारी | स्वतन्त्र |
| ३ | अमानुल्लाह अन्सारी | नेपाल लोकतान्त्रिक पार्टी |
| ४ | किशोरप्रसाद यादव | स्वतन्त्र |
| ५ | कृष्णप्रसाद कुर्मी | स्वतन्त्र |
| ६ | जन्नत अन्सारी | स्वतन्त्र |
| ७ | नसरूल्लाह अन्सारी | स्वतन्त्र |
| ८ | मथुराउत अहिर | स्वतन्त्र |
| ९ | मुकेशकुमार यादव | स्वतन्त्र |
| १० | रविकुमार गुप्ता | स्वतन्त्र |
| ११ | रहवर अन्सारी | माओवादी केन्द्र |
| १२ | राजकुमार यादव | स्वतन्त्र |
| १३ | रामनारायण राउत | स्वतन्त्र |
| १४ | वाजुल हक अन्सारी | जनमत पार्टी |
| १५ | विचारी यादव | एमाले |
| १६ | समिम अख्तरा अन्सारी | स्वतन्त्र |
| १७ | सुधीर पटेल | स्वतन्त्र |
| १८ | सोहेब अन्सारी | समाजवादी पार्टी |
| **क्षेत्र नं. १ (ख)** | | |
| १ | आफताब आलम | स्वतन्त्र |
| २ | ओमप्रकाश सर्राफ | हाम्रो नेपाल पार्टी |
| ३ | अंकुश पटेल | जनता प्रगतिशील पार्टी |
| ४ | कशिम मियाँ धोबी | स्वतन्त्र |
| ५ | जुनैद हवारी | स्वतन्त्र |
| ६ | पुन्देश्वरप्रसाद यादव | स्वतन्त्र |
| ७ | मनोहर हुसेन | नेपाल सुशासन पार्टी |
| ८ | मुकेश साह सोनार | स्वतन्त्र |
| ९ | राकेश दुबे | स्वतन्त्र |
| १० | रामनारायण कुर्मी | नेका |
| ११ | रामरूप साह | स्वतन्त्र |
| १२ | जोगी ठाकुर हजाम | स्वतन्त्र |
| १३ | लालबाबू राउत गद्दी | जसपा |
| १४ | विनय झा | राप्रपा |
| १५ | विशाल कुमार | स्वतन्त्र |
| १६ | शशिकपूर मियाँ | स्वतन्त्र |
| १७ | शिवप्रसाद यादव | जनमत पार्टी |
| १८ | श्यामप्रसाद गुप्ता | स्वतन्त्र |
| १९ | सन्तोषकुमार श्रेष्ठ | स्वतन्त्र |
| २० | हरेन्द्रप्रसाद कुर्मी | नेपाल लोकतान्त्रिक पार्टी |
| **क्षेत्र नं. २ (क)** | | |
| १ | अब्दुल अन्सारी | स्वतन्त्र |
| २ | गोपीचन्दप्रसाद यादव | स्वतन्त्र |
| ३ | जीवन श्रेष्ठ | स्वतन्त्र |
| ४ | फरमान अन्सारी | स्वतन्त्र |
| ५ | मनोजप्रसाद यादव | नेपाल लोकतान्त्रिक पार्टी |
| ६ | रामनरेश यादव | जसपा |
| ७ | श्यामप्रसाद पटेल | नेका |
| ८ | श्याम्बो लामा | स्वतन्त्र |
| ९ | हरि चौधरी | राप्रपा |
| **क्षेत्र नं. २ (ख)** | | |
| १ | अलि हुसेन | स्वतन्त्र |
| २ | आश महम्मद मियाँ | स्वतन्त्र |
| ३ | करीमा बेगम | स्वतन्त्र |
| ४ | छोटेलालप्रसाद कुर्मी | स्वतन्त्र |
| ५ | धुरेन्द्र सहनी | स्वतन्त्र |
| ६ | परमानन्द साह कानू | राप्रपा |
| ७ | भरतभूषण पाण्डे | जनता प्रगतिशील पार्टी |
| ८ | मुकेशकुमार द्विवेदी | स्वतन्त्र |
| ९ | रमेशप्रसाद कुर्मी | लोसपा |
| १० | रूपेशमान सिंह | स्वतन्त्र |
| ११ | शिवम्कुमार कर्ण | स्वतन्त्र |
| १२ | मेराज आलम | स्वतन्त्र |
| १३ | हरिशङ्कर साह | नेपाल लोकतान्त्रिक पार्टी |
| १४ | हरेराम प्रसाद | एमाले |
| **क्षेत्र नं. ३ (क)** | | |
| १ | अजादुलहक अन्सारी | स्वतन्त्र |
| २ | अब्दुल रहीम अन्सारी | एमाले |
| ३ | अमरदेव पासवान | नेकपा |
| ४ | किसुन अहिर | स्वतन्त्र |
| ५ | चन्द्रकिशोर प्रसाद | स्वतन्त्र |
| ६ | चन्द्रिका सहनी | राप्रपा |
| ७ | छोटेलालप्रसाद यादव | माओवादी केन्द्र |
| ८ | नीरराज गिरी | स्वतन्त्र |
| ९ | प्रमोद जयसवाल | स्वतन्त्र |
| १० | लवङमियाँ अन्सारी | स्वतन्त्र |
| ११ | शिवकुमार साह | नेपाल सुशासन पार्टी |
| १२ | शेखरबहादुर सिंह | स्वतन्त्र |
| **क्षेत्र नं. ३ (ख)** | | |
| १ | अजय कुमार | स्वतन्त्र |
| २ | अब्दुल्लाह मियाँ | जनमत पार्टी |
| ३ | गौरीशङ्कर साह तेली | नेपाल सुशासन पार्टी |
| ४ | जनार्दनसिंह क्षत्री | नेका |
| ५ | जितेन्द्र सहनी | स्वतन्त्र |
| ६ | डाडु तेली | स्वतन्त्र |
| ७ | प्रभु साह | स्वतन्त्र |
| ८ | प्रह्लाद गिरी | नेकपा (एस) |
| ९ | मधु गुप्ता | जसपा |
| १० | रामबाबूप्रसाद यादव | स्वतन्त्र |
| ११ | विजयकुमार रौनियार | स्वतन्त्र |
| १२ | शम्भु ठाकुर | स्वतन्त्र |
| १३ | सुजीतकुमार त्रिपाठी | राप्रपा |
| १४ | हरिनारायणप्रसाद चौहान | स्वतन्त्र |
| **क्षेत्र नं. ४ (क)** | | |
| १ | जयप्रकाश थारू | एमाले |
| २ | जरि लामा | स्वतन्त्र |
| ३ | राजेन्द्रप्रसाद साह | जन समाजवादी पार्टी |
| ४ | रामगोविन्दप्रसाद चौहान | नेपालका लागि नेपाली पार्टी |
| ५ | वीरेन्द्र यादव | स्वतन्त्र |
| ६ | शङ्कर चौधरी | नेका |
| ७ | शम्भु महतो थारू | स्वतन्त्र |
| ८ | शान्तकुमार जोशी | राप्रपा |
| ९ | शेषनाथ महतो | जनमत पार्टी |
| १० | हकिम अन्सारी | नेमकिपा |
| **क्षेत्र नं. ४ (ख)** | | |
| १ | शेख चाँदतारा | माओवादी केन्द्र |
| २ | नागा हजरा दुसाध | राप्रपा |
| ३ | प्रह्लाद साह कानू | स्वतन्त्र |
| ४ | बलराम तिवारी | नेपाल सुशासन पार्टी |
| ५ | लखु साह तेली | स्वतन्त्र |
| ६ | वीरेन्द्र ठाकुर हजाम | स्वतन्त्र |
| ७ | वीरेन्द्र महतो चाइ | स्वतन्त्र |
| ८ | साहेब मियाँ तेली | नेमकिपा |
| ९ | सिंहासन साह कलवार | जसपा |
| १० | खेमराज अहिर | नेपाली जनता दल |
| ११ | हफिज हवारी | स्वतन्त्र |

*स्रोतः निर्वाचन कार्यालय, पर्सा*



**खुल्यो हिमाल :** बागलुङ बजारबाट देखिएको धवलागिरि हिमाल। हप्ता दिनको झरी थामिएर बुधवारदेखि मौसम खुलेको छ। तस्बिरः रामबहादुर थापा/रासस

# दर्ता भएका ८६ दलमध्ये ५७ मात्र प्रत्यक्षमा

काठमाडौं, २६ असोज/रासस

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा भाग लिने प्रयोजनका लागि निर्वाचन आयोगमा ८६ दल दर्ता भएपनि ५७ दलले मात्र प्रत्यक्षतर्फ उम्मेदवारी दिएका छन्।

प्रतिनिधिसभातर्फ ५७ दलले उम्मेदवारी दिएको आयोगले जनाएको छ। प्रदेशसभातर्फ भने प्रत्येक प्रदेशमा प्रत्यक्षतर्फ उम्मेदवारी दिने दलको सङ्ख्या फरक छ। प्रदेश एकमा ३०, मधेसमा ३७, वाग्मतीमा ३२, गण्डकीमा २३, लुम्बिनीमा २५, कर्णालीमा १६ र सुदूरपश्चिममा २० दलले प्रदेशसभातर्फ प्रत्यक्षतर्फ उम्मेदवारी दिएका छन्।

आयोगमा दर्ता भएका दलको सङ्ख्या भने ११६ रहेको सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए। दर्ता भएका सबै दलले आगामी निर्वाचनमा भाग नलिने पनि उनले बताए। विसं २०७४ को निर्वाचनमा प्रत्यक्षतर्फ ५५ दलले भाग लिएका थिए।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि आगामी मङ्सिर ३ गते १८ वर्ष पूरा हुनेले मतदान गर्न पाउनेछन्। त्यसका लागि मतदातासँग परिचयपत्र हुन आवश्यक छ। आगामी मङ्सिर ३ गतेसम्म १८ वर्ष पूरा हुनेसमेत एक करोड ७९ लाख ८८ हजार ५७० जनाले मतदान गर्न पाउने आयोगले जनाएको छ। जसमा ९१ लाख ४० हजार ८०६ पुरुष, ८८ लाख ४७ हजार ५७९ महिला र १८५ अन्य मतदाता रहेका छन्।

# झरी रोकिएपछि पश्चिमी क्षेत्रको मौसममा सुधार

काठमाडौं, २६ असोज/रासस

पश्चिमी क्षेत्रमा झन्डै एक हप्तासम्म परेको झरी रोकिएपछि आजदेखि मौसममा सुधार भएको छ। बाढी र डुबानका कारण प्रभावित मुलुकको पश्चिमी क्षेत्रमा आज बिहानैदेखि घाम लागेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

आज बिहानैदेखि पश्चिमी क्षेत्रमा घाम लागेको भए पनि मनसुनी प्रणाली कायमै रहेकोले दिउँसो र बेलुकीपख भने क्षणिक वर्षाको सम्भावना रहेको मौसमविद् वरुण पौडेलले जानकारी दिए। उनका अनुसार तराईमा अब डुबान र बाढी आउनेगरी वर्षाको सम्भावना हटेको छ। पश्चिमी क्षेत्रका पहाडी जिल्लामा भने झरीले जमीन गलिसकेकाले पहिरोको जोखिम हुन सक्ने मौसमविद्हरूले जनाएका छन्।

मौसम पूर्वानुमान महाशाखाका अनुसार आज, बिहीवार र शुक्रवार दिउँसो तथा बेलुका मौसम बदली भई क्षणिक वर्षा हुन सक्नेछ। आउँदो शनिवारदेखि भने पश्चिमी क्षेत्रसहित देशभरको मौसम पूर्णरूपमा खुला रहने सो महाशाखाले जनाएको छ। महाशाखाका अनुसार मनसुनको अन्तिमतिर भएको ठूलो वर्षाका कारण यसपटक पश्चिमी क्षेत्रमा धेरै असर परेको छ। नेपालमा मनसुनको अवधि गएको दुई तारिख अर्थात् १६ गतेसम्म मात्रै रहने भनिए पनि त्यसको एक दुई दिनपछि ठूलो पानी पर्न थालेको थियो।

# दिवाली र छठको खर्च जुटाउँदै कुमाल

महोत्तरी, २६ असोज/रासस

मुलुक चुनावी रन्कोमा छ। जिल्लामैं पनि चुनावका लागि राजनीतिक दल र उम्मेदवारको चहलपहल बढ्दो छ। तर महोत्तरीका कुमाल जाति यो रन्कोबाट बेखबर जस्तै बनेर दिवाली (तिहार) र छठपर्वको खर्च जोहो गर्न जुटेका छन्।


तस्वीरः फाइल

भर्खरै कसैगरी दशैं पर्व टारेका कुमाल समुदायलाई अहिले दिवाली र छठ खर्चको जोहो गर्न माटाका भाँडा बनाउने व्यस्तताले छोपेको हो। चाडपर्वको विधि र प्रयोगको अभ्यासले दशैंभन्दा तिहार र छठमा माटाका भाँडाको माग बढ्ने भएकाले दशैं सकेलगत्तै कुमाल माटाका भाँडा बनाउन दिनरात नभनी जुटेका छन्। दिवाली (दीपावली, तिहार) र छठपर्वमा कलश, दियो, घडा (गाग्रो) र छ्याची (दही जमाउने भाँडा), तौला (माटोको डेक्ची) र ढकना (बिर्को)सहित नयाँ माटाका भाँडा प्रयोग गरिने मैथिल परम्परा अनुसार जिल्लाका गाउँनगर बस्तीमा यस्ता भाँडाको माग बढ्ने गरेको छ। यसै बेलालाई आफ्नो कमाइको मुख्य समय ठानेर कुमाल समुदाय अहिले भाँडा बनाउन व्यस्त भएका हुन्।

"दशैंमा त हाम्रो सीपको खासै माग हुँदैन, खोजमेल गरेर नै दशैं टारियो," जिल्लाको भङ्गाहा नगरपालिका–५ भुचक्रपुर कुमाल टोलका सीताराम पण्डित कुमालले भने, "दीपावली र छठमा भने अनिवार्य विधिमैं माटाका भाँडाको प्रयोजन जोडिएकाले हाम्रो सीपको उत्पादन भाँडाको माग बढ्छ।" दशैंपछिको तिहार र छठअघिको समय नै आफूहरूको वर्षभरिको नगद खर्चको जोहो गर्ने उपयुक्त समय हुने सीतारामको थप भनाइ छ।

अन्य बेला खासै प्रयोगमा नआउने माटाका भाँडा पर्वविशेषमा मिथिला परम्परामा अनिवार्य जस्तै मानिने भएकाले जिल्लाका सबैजसो बजारमा यसको बेग्लै बजार लाग्ने गरेको देखिन्छ। दिवाली र छठ पर्वमा बालिने बत्ती माटोकै दियोमा बालिने, छठ पर्वमा सूर्यदेवलाई चढाइने दही माटोकै छ्याचीमा जमाउनुपर्ने, लक्ष्मीपूजा र छठ आराधनाका बेला माटोकै कलश स्थापना गरिने र अन्य पूजा सामग्री पनि माटोका नयाँ भाँडामा राख्नुपर्ने परम्पराले यी पर्वविशेषमा माटाका भाँडाको कारोबार बढ्ने गरेको छ। यसै परम्पराको अवसरमा दीपावली र छठअघि माटाका भाँडाको बजार जम्ने गरेको कुमाल बताउँछन्।

खासगरी कात्तिक कृष्णपक्ष शुरू हुनासाथ कुमाल समुदाय पर्व लक्षित भाँडा बनाउन व्यस्त हुने गर्छन्। दिवाली र छठ मिथिला क्षेत्रको साझा पर्वजस्तै भएकाले महोत्तरीका सबैजसो गाउँ/नगर बस्तीका हटियामा माटाका भाँडाका छुट्टै बजार लाग्ने गरेको छ। साप्ताहिक हटिया (सातामा फरक–फरक स्थानमा लाग्ने हाटबजार)बाहेक नगर/गाउँ बस्तीका चोक/चोकमैं कुमालले माटाका भाँडाको बजार लगाउन शुरू गरिसकेको बर्दिबास उद्योग वाणिज्य सङ्घका कार्यवाहक अध्यक्ष कृष्णप्रसाद गौतम बताउँछन्।

मिथिला क्षेत्रमा माटाका नयाँ भाँडा शुभकार्य गर्न उत्तम हुने सामाजिक/सांस्कृतिक र धार्मिक मान्यताले दिवाली र छठ पर्वमा यसको माग बढ्ने गरेको हो। कुमाल जाति दशैं सकेर दिवाली, छठअघिको समयलाई किसानको मुख्य फसल धान थन्क्याउने मङ्सिरसँग तुलना गर्ने गर्छन्। भाँडा बिक्रीबाट हुने आम्दानीबाटै तिहार, छठ मनाइने, दशैं मनाउँदाको सरसापट तिर्ने र वर्षभरिका अन्य नगद खर्चको जोहो गरिने अहिले आफूहरूको उपयुक्त अवसर भएको जिल्लाकै लोहारपट्टी–४ पिपराढी बस्तीको कुमाल टोलका रामप्रवोध पण्डित (कुमाल) बताउँछन्।

विगतमा (केही दशकअघिसम्म) घरव्यवहार प्रयोजनमा बाक्लै माटाका भाँडा प्रयोग गरिने भएपनि अब दैनिक प्रयोजनमा यसको प्रयोग हुन छाडेकाले चाडपर्वका लागि मात्र माग हुने गरेको कुमाल बताउँछन्। मिथिला क्षेत्रमा दुई दशक पहिलेसम्म माटाका भाँडा दैनिक प्रचलनमा रहे पनि त्यसयता प्लास्टिकका भाँडाको प्रयोग बढेकाले आफूहरूको व्यवसाय चाडपर्व विशेषमा मात्रै चल्ने गरेको उनीहरूको भनाइ छ।

अहिलेको कमाइले सालभरिको नगद खर्चको जोहो गर्नुपर्ने हुँदा भाँडा बनाउने कामले भ्याइनभ्याइ परेको जिल्लाकै मनराशिशवा नगरपालिकाको सहसराम बस्तीका रामशोभित पण्डित बताउँछन्। तिहार र छठ पर्वका अवसरमा महोत्तरीमा मात्र १० लाखभन्दा बढीको माटाका भाँडाको कारोबार हुने गरेको महोत्तरी उद्योग वाणिज्य सङ्घका पदाधिकारीको अनुमान छ।

यसपालि दशैं सकिएलगत्तै जमेको माटाका भाँडाको बजार छठसम्म रहने भएकाले र मूल्यवृद्धिसमेत भएकाले यो पर्वभित्र १५ लाखभन्दा बढीको कारोबार हुने जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष लवराजा सिंहले बताए।

जिल्लाको लोहारपट्टी, भङ्गाहा र मनराशिशवा नगरपालिकाका केही बस्तीमा छुट्टै कुमाल टोल छन्। यीबाहेक जिल्लाका अन्य गाउँ/नगर बस्तीमा भने छिटपुटरूपमा कुमाल छरिएर बसेका छन्। दिवालीमा आफ्नो पुर्ख्यौली पेशाको परम्परा थाम्दै जिल्लाका सबैजसो गाउँ/नगरबस्तीका घरघरैजसो आफ्ना भाँडाको प्रचार, प्रवर्द्धन र बिक्रीमा कुमाल जाति जुट्ने गरेको छ।

# धनुषामा प्रतिनिधिसभामा छजना र प्रदेशसभामा १० जना महिला उम्मेदवार

जनकपुरधाम, २६ असोज/रासस

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि धनुषामा प्रत्यक्षतर्फ महिला उम्मेदवारको सहभागिता न्यून देखिएको छ। प्रतिनिधिसभातर्फ धनुषाको चारवटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दर्ता गराएका १०३ जनामध्ये धनुषा क्षेत्र नं ३ मा नेकपा एमालेकी नेत्री जुली महतोसहित छजना मात्र महिला उम्मेदवारी रहेका छन्।

मधेस प्रदेशको राजधानी जनकपुरधामसमेत रहेको धनुषा क्षेत्र नं ३ मा प्रत्यक्षतर्फ ३१ जनाले उम्मेदवारी दर्ता गराउँदा नेकपा एमाले–जसपा गठबन्धनबाट एमाले नेत्री महतो, नेपाल जनता पार्टीबाट पूनम चौधरी र ऐतिहासिक प्रजातान्त्रिक जनता पार्टी नेपालबाट प्रवीणाकुमारी ठाकुरले उम्मेदवारी दर्ता गराएको क्षेत्र नं ३ का निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जानकारी दिए।

उक्त क्षेत्रमा ज्योतिकुमारी साह, पूजा साह र मिलनकुमारी साहले स्वतन्त्र उम्मेदवारी दर्ता गराएको निर्वाचन अधिकृत प्याकुरेलले बताए।

त्यस्तै, धनुषामा रहेको आठवटा प्रदेशसभा सदस्य निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फ १३८ जनाले उम्मेदवारी दर्ता गराउँदा महिलाको सङ्ख्या १० जना मात्र छ।

प्रदेशसभातर्फ धनुषा क्षेत्र नं १ (क) र क्षेत्र नं १ (ख)मा १४/१४ जनाले उम्मेदवारी दिंदा महिला उम्मेदवार सङ्ख्या शून्य छ। प्रदेशसभा धनुषा क्षेत्र नं २ (क)मा १४ जना र क्षेत्र नं २ (ख)मा १७ जनाले उम्मेदवारी दर्ता गराउँदा सबै पुरुष उम्मेदवार छन्। धनुषाको क्षेत्र नं ३ (क)मा पूनमदेवीदास तत्माले स्वतन्त्ररूपमा उम्मेदवारी दर्ता गराएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

धनुषा क्षेत्र नं ३ (ख)मा प्रदेशसभा सदस्यका लागि २७ जनाले उम्मेदवारी दिएका छन्। जसमा पाँचजना महिलाले स्वतन्त्र उम्मेदवारी दिएका छन्। किरणदेवी साह, पवनदेवी साह, बबिता कुमारी, मीनाक्षी पाण्डे र सीता कुमारीले सो क्षेत्रमा प्रदेशसभा सदस्य पदका उम्मेदवारी दर्ता गराएका छन्।

प्रदेशसभातर्फ धनुषा क्षेत्र नं ४ (क) मा १९ जनाले उम्मेदवारी दिंदा तीनजना महिलाले उम्मेदवारी दिएका छन्। त्यहाँ नेपाल लोकतान्त्रिक पार्टीबाट आशादेवी साह, जनमत पार्टीबाट मिथलेशदेवी साह र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट मीराकुमारी यादवले उम्मेदवारी दर्ता गराएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

धनुषा क्षेत्र नं ४ (ख)मा १३ जनाले उम्मेदवारी दर्ता गराउँदा जनता प्रगतिशील पार्टी नेपालबाट शोभा कार्कीले उम्मेदवारी दर्ता गराएकी छन्। गत असोज २३ गते प्रतिनिधिसभा सदस्यका लागि धनुषामा ६६ जना स्वतन्त्र गरी १०३ जना र प्रदेशसभाका लागि ७७ स्वतन्त्र गरी १३८ जनाले उम्मेदवारी मनोनयन दर्ता गराएका छन्।

संविधान, ऐन र कानूनले महिलाको प्रतिनिधित्वको सुनिश्चितता गरे पनि महिलालाई उम्मेदवार बनाउन राजनीति दलले नरुचाएका कारण यस्तो अवस्था देखिएको महिला अधिकारकर्मी तथा कानून व्यवसायी पार्वती चौधरीले बताइन्।

आगामी निर्वाचनका लागि धनुषामा एक लाख ९३ हजार १०४ महिला र दुई लाख १६ हजार ८७५ पुरुष तथा अन्य छजना गरी कुल चार लाख नौ हजार ९८५ मतदाता कायम रहेको मधेस प्रदेश निर्वाचन कार्यालय जनकपुरधामका प्रमुख श्रीधर पन्थीले जानकारी दिए।



**नुवाकोटको पालिका विवरण:** जिल्ला प्रशासन कार्यालय, नुवाकोटको परिसरमा राखिएको नुवाकोटमा रहेका स्थानीय तहको विवरण। जिल्लामा रहेका बान्हवटै पालिकाको वडा विभाजनसहितको नक्शा, भूगोल, धार्मिक तथा पर्यटकीय क्षेत्रको चिनारीसहितको विवरणले पालिकासँग सम्बन्धित जानकारी प्राप्त गर्न सहजता पुगेको छ। तस्बिरः रासस

## फरक समाचार

# गर्भमा नै शिशुले स्वाद र गन्ध थाहा पाउँछ

तपाईं जे खानुहुन्छ, त्यसको स्वाद गर्भमा हुर्किरहेको सन्तानले पनि थाहा पाउँछ ? यो प्रश्न सुनेर रेशमा हाँसिन् र भनिन्– थाहा छैन, तर राम्रो प्रश्न हो।



उनी तेस्रोपटक आमा बन्दैछिन् र उनको पाँचौं महीना चलिरहेको छ। उनी भन्छिन्– "जब म पहिलोपटक आमा बनें, मलाई अमिलो खान मन लाग्यो, दोस्रोपटक म बिरामी भएँ र तेस्रोपटक मलाई चपपटे खान मन लाग्यो। यो सुनेर मलाई राम्रो लाग्छ कि बच्चाले पनि स्वाद थाहा पाउँछ। अब यदि मैले चटपटे खान्छु भने शायद मेरो गर्भमा हुर्किरहेको बच्चालाई पनि चटपटे मन पर्छ होला।"

गर्भमा हुर्किरहेको बच्चाले स्वाद थाहा पाउँछ र उसले सुँघ्न पनि सक्छ, यो कुनै मिथक होइन बरु नयाँ शोधले जनाएको छ। युनिभर्सिटी अफ डरहम र ऐस्टन युनिभर्सिटीका वैज्ञानिक अनुसार आमाले जे पनि खान्छिन्, त्यसको प्रतिक्रिया गर्भमा हुर्किरहेको बच्चाले दिने गर्छ।

इङ्ल्यान्डको यस विश्वविद्यालयले सय गर्भवती महिलामाथि शोध गरेको थियो। गर्भमा हुर्किरहेका यी शिशुको अनुहारले खानाको प्रतिक्रिया देखाउने गर्छन्। डरहमका शोधकर्ता बेयजा उस्तुनले यस शोधको नेतृत्व गरे जसमा आमालाई सागपात र गाजरको क्याप्सुल दिइएको थियो। क्याप्सुल दिनु अघि र पछि गर्भमा हुर्किरहेको बच्चाको अनुहारको अध्ययन गरेका थिए। जब गाजरको क्याप्सुलको स्वाद पुग्यो तब बच्चाको अनुहार हँसिलो देखियो भने सागपातको क्याप्सुल दिंदा बच्चाले रुन्चे अनुहार बनाएर प्रतिक्रिया दिएको थियो।

बेयजा भन्छिन्–स्क्यानको दौरान सागपात र गाजर दिएपछि गर्भमा हुर्किरहेका यी बच्चाको प्रतिक्रिया अद्‌भुत थियो र अभिभावकलाई त्यसको तस्वीर साझा गर्‍यौं।

गर्भवती महिलामा एम्निओटिक फ्लुइड हुन्छ र यसमा नै बच्चा फ्लोट गर्छ र तैरिन्छ। गर्भवती महिलाले जे खान्छिन्, गर्भमा हुर्किरहेको बच्चा यसै एम्निओटिक फ्लुइडको माध्यमबाट अलग–अलग फ्लेवरलाई चाख्ने गर्छ।

यस शोधमा यो पनि भनिएको छ कि आमाले जे पनि खाइरहेकी हुन्छिन्, त्यो सम्भावित रूपमा बच्चाले सुँघ्ने र स्वाद थाहा पाउने गर्छ। स्त्रीरोग विशेषज्ञ डा भावना चौधरी भन्छिन्– पहिले ट्राइमेस्टर (०–१३ हप्ता)सम्म गर्भमा हुर्किरहेको बच्चाको स्वाद र सुँघ्ने क्षमता विकसित हुन थाल्छ र दोस्रो (१४–२६ हप्ता) र तेस्रो ट्राइमेस्टरसम्म यो राम्ररी विकसित हुन्छ।

गर्भवती महिलाको शरीरमा जुन एम्निओटिक फ्लुइड हुन्छ, त्यसको माध्यमबाट गर्भमा हुर्किरहेको बच्चाले आमाले जे खाएको हुन्छ, त्यसको गन्ध पुग्छ र पछि गएर यो फ्लेवर शिशुको रुचि तथा अरुचिलाई प्रभावित गर्न सक्छ।

वर्धमान महावीर मेडिकल कलेज र सफदरजंग अस्पतालमा मुख्य चिकित्सा अधिकारी र स्त्रीरोग विशेषज्ञ डा यामिनी सरवाल भन्छिन्– गर्भवती महिला र गर्भमा हुर्किरहेको शिशु एकै युनिटको हुन्छ, यस्तोमा आमाले जे खाइरहेको हुन्छ, त्यस्तै हार्मोन बन्न पुग्छ, ती सबै बच्चाले पनि पाइरहेको हुन्छ र जसले गर्दा उसको विकास प्रभावित हुन्छ।

तर एउटी गर्भवती महिलाले जुन वस्तुको सेवन गर्छन्, त्यसको असर के ठूलो भएर बच्चाको खानाको चुनावमाथि पनि पर्छ ?

साइन्स डेलीमा प्रकाशित लेख अनुसार, गर्भवती महिलाले जुन डाइट लिइरहेका हुन्छन्, त्यो गर्भमा हुर्किरहेको बच्चाको सुँघ्ने शक्ति र स्वादप्रति संवेदनशील बन्छ, यस लेखको स्रोत युनिभर्सिटी अफ कोलोराडो हो।


डा भावना चौधरी भन्छिन्– मानौं गर्भधारणको दौरान कुनै महिलाले बढी फलफूल सेवन गर्छिन् भने जन्मिएपछि शिशुलाई फलफूल मन पर्छ किनभने एम्निओटिक फ्लुइडमा त्यस प्रकारको फ्लेवर बढी भएको हुन्छ र बच्चामाथि यसको रिपिटेड एक्सपोजर हुन्छ। आनुवांशिक रूपमा कैयौंपटक मीठो खाना मन पराउँछन्।

डा यामिनी सरवाल भन्छिन्–गर्भवती महिला यदि खुशी भएर खान्छिन् भने त्यो पैरासिम्पेथेटिक हार्मोन जसलाई हैप्पी हार्मोन पनि भन्न सकिन्छ, बच्चाले पाउँछ। यदि आमालाई कुनै खानेकुरा मन पर्दैन र त्यो खानुपर्छ भने सिम्पेथेटिक हार्मोन पाउँछ अर्थात् तनाव दिने हार्मोन बच्चामा पनि पुग्छ। जसले पछि गएर बच्चाको खानपिनको आदतलाई प्रभावित गर्न सक्छ।

मान्छेको जिन्स अनुसार अलग–अलग स्वाद मन पराउँछन् तर बच्चा जन्मिएपछि तपाईं उसलाई जुन प्रकारले खाना दिनुभइरहेको छ, त्यसबाट उसको रुचि बदलिन पनि सक्छ। दुवैजना चिकित्सकले सल्लाह दिएका छन् कि गर्भवतीप्रति धेरै मानिस जागरूक भइसकेका छन् र महिलाहरू डाइट, योग र व्यायामको महत्त्व पनि बुझ्न थालेका छन्। यहाँ यो ध्यान दिनुपर्छ कि गर्भवती महिलाले के खाइरहेकी छन्, के सोच्दैछिन्, उनको मनःस्थिति कस्तो छ ? किनभने यसको असर बच्चाको हार्मोनमाथि पनि पर्छ। यदि आमा सकारात्मक हुन्छिन् भने त्यस्तै ऊर्जाको सञ्चार शिशुमा पनि हुन्छ। – बिबिसी हिन्दीबाट अनुवाद

# जब मुलायम सिंह रहेनन्.... भन्दै आत्महत्या

भारत, उत्तरप्रदेशको कानपुरमा मुलायम सिंह यादवको निधनको सूचना पाएपछि उनका एकजना प्रशंसकले पाण्डु नदीमा हाम फालेर आत्महत्या गरेका छन्। घटनापछि परिवारजनको अवस्था बेहाल भएको छ।



रामकुमार यादव इस्पातनगरमा मजदूरी गर्दथे। मङ्गलवार कामबाट फर्किने क्रममा उनलाई कसैले मुलायम सिंहको निधन भएको समाचार सुनाइदिए। उनले रिसाउँदै भने, "जब मुलायम सिंह रहेनन् भने म बाँचेर के गर्छु...।" त्यसपछि उनले बाटोमा पर्ने पाण्डु नदीमा हाम फालेर आत्महत्या गरेको भारतीय सञ्चारमाध्यमले जनाएको छ।

रामको मृत्युपछि उनकी पत्नी रामरती र चार नाबालिग छोरीहरू ममता, ललिता, सरिता र आरुषीको हाल बेहाल भएको छ। मृतकका भाइ अमरबहादुरले भने– "ठूलोदाइलाई नेताजीसँग निकै लगाव थियो। उनको निधनको खबर सुनेर उनलाई अवसाद भयो र आत्महत्या गरे।"

यता, गुजैनी थानाप्रभारी राजेश कुमारले रामकुमार यादव नशामा रहेकाले पोखरीमा खसेको बताएका छन्। घटनाबारे सोधपूछ जारी रहेको उनले बताए।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# अमेरिकी प्रतिबन्धले इरानी महिला जीवनदायी औषधिबाट वञ्चित

तेहरान, २६ असोज/सिन्हवा

इरान सरकारका प्रवक्ताले अमेरिकी प्रतिबन्धले इरानी महिला जीवनदायी


तस्वीरः सिन्ह्वा

औषधिबाट वञ्चित भएको बताएका छन्। अमेरिकी प्रतिबन्धका कारण इरानलाई जीवनदायी औषधि उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ पाउन कठिन भएको बताउँदै उनले अमेरिकाको कठोर शब्दमा आलोचना गरेका छन्।

सरकारका प्रवक्ता अली बहादुरी जाहरोमीले तेहरानमा मङ्गलवार भएको साप्ताहिक पत्रकार सम्मेलनमा औषधि बनाउने कच्चा सामग्रीबाट हामीलाई वञ्चित गर्ने अमेरिकी कपट प्रस्ट भएको बताए। राम्ररी शिर नढाकेको अभियोगमा पक्राउ परेकी महसा अमिनीको हिरासतमा मृत्यु भएपछि इरानी महिलाहरूको पक्षमा वकालत गरेको दाबी गर्ने अमेरिकाको कपटपूर्ण व्यवहारको पर्दाफाश भएको उनले बताए।

बाइस वर्षीया अमिनीको मृत्युपछि केही पश्चिमा देशले गरेका टिप्पणी र चालेका कदमको बारेमा बोल्दै जाहरोमीले उनका ती कदमले देशका महिलाहरूलाई समर्थन गर्ने बहानामा इरानमा दङ्गा भड्काउने उद्देश्य रहेको र त्यसबाट ती देशको दोहोरो मापदण्ड प्रकट भएको बताए। उनले इरानीहरूलाई आवश्यक औषधिमा पहुँच नदिनु अमानवीय भएको बताउँदै अमेरिकासहित पश्चिमा देशको आलोचना गरे।

प्रवक्ता जाहरोमीले डेनमार्कको राजधानी कोपेनहेगनमा रहेको इरानको दूतावास परिसरमा शुक्रवार भएको आक्रमणलाई सङ्केत गर्दै इरानी राजदूत अफसानेह नादिपुर र अन्य कर्मचारीहरूलाई धम्की दिइएको थियो र सवारीसाधनमा क्षति पुगेको अप्रत्यक्षरूपमा उल्लेख गरे। उनले इरान र विश्व शक्तिहरूबीचको सन् २०१५ को आणविक सम्झौताबाट अमेरिका फिर्ता हुनु र इरानमा पुनः लगाइएको प्रतिबन्धले इरानी सरकारलाई आफ्ना जनताको अधिकारको रक्षा गर्न र प्रतिबन्धहरू हटाउन थप दृढ तुल्याएको बताए।

संयुक्त राज्य अमेरिकाले औषधि र खाद्यवस्तुलगायत मानवीय वस्तुहरू प्रतिबन्धको सूचीमा समावेश नगरेको दाबी गरे पनि इरानको तेल निर्यात र बैंकिङ क्षेत्रमा लगाइएको नाकाबन्दीले व्यवहारमा उसलाई त्यस्ता वस्तु आयात गर्नबाट वञ्चित गरेको छ। रासस

# जिम्बाब्बेमा दशजना किसानको जलेर मृत्यु

हरारे, २६ असोज/सिन्हवा

जिम्बाब्वेको दक्षिणी प्रान्त माटाबेलेल्यान्डको एसिगोदिनीमा मङ्गलवार आगलागी हुँदा १० जना किसानको जलेर मृत्यु भएको छ। आगो निभाउन गएका १५ जना किसानमध्ये १० जनाको घटनास्थलमा जलेर ज्यान गएको थियो।

यसैबीच, राष्ट्रपति इमर्सन मनानगाग्वाले देशका गरीब किसानको आगलागीमा मृत्यु भएपछि अग्नि व्यवस्थापन रणनीति बनाउन आह्वान गरेका छन्।

बुधवार शोक सन्देश जारी गर्दै उनले अग्नि व्यवस्थापन रणनीति विकास गर्नु अपरिहार्य भएको बताउँदै गर्मीयाममा आगलागीको जोखिम बढ्ने भएकाले अग्नि जोखिम घटाउन नयाँ राष्ट्रिय रणनीति आवश्यक भएकामा जोड दिएका हुन्।

राष्ट्रपति मनानगाग्वाले वातावरण मन्त्रालय र नागरिक संरक्षण विभाग दुवैले आगो नियन्त्रणका लागि तत्काल व्यापक प्रतिकार्य पद्धति विकास गर्नुपर्ने बताएका छन्।

प्रचण्ड गर्मी तथा वर्षा नहुँदा जिम्बाब्वे आगलागीको ठूलो जोखिममा छ। सरकारी अधिकारीहरूले खेतखलियानका झारपातमा आगो नझोस्न किसानहरूलाई सुझाव दिएका छन्। रासस

# इराकी राष्ट्रपतिको निर्वाचन बिहीवार

बगदाद, २६ असोज/सिन्हवा

इराकका राष्ट्रपतिको निर्वाचन बिहीवार हुने भएको छ। इराकी संसद्ले बिहीवार निर्वाचन गर्ने भएको हो। इराकी सभामुखले सो कुरा इराकको संसद्लाई मङ्गलवार जानकारी दिएका हुन्। उनले इराकी संसद्को मङ्गलवारको बैठकमा बिहीवार राष्ट्रपतिको निर्वाचन गर्ने कार्यक्रम रहेको जानकारी गराएका थिए।

इराकी संसद्का सभामुख मोहमद अल हलबोसीले सो कुराको जानकारी गराएका हुन्। मङ्गलवार संसद्को नियमित पत्रकार सम्मेलनका क्रममा सभामुखले बिहीवारको संसद् बैठकमा राष्ट्रपति निर्वाचनको मात्र कार्यक्रम रहेको जानकारी दिएको समाचारमा जनाइएको छ।

सन् २००३ मा इराकमा शक्ति बाँडफाँट तथा हस्तान्तरणसम्बन्धी एक सम्झौता अनुसार यहाँ राष्ट्रपति पद कुर्दहरूका लागि छुट्याइएको छ। त्यसैगरी प्रधानमन्त्री शिया मुस्लिम समुदाय र इराकको सभामुख पद सुन्नी मुस्लिमहरूका लागि छुट्याइएको छ। सोही अनुसार पदहरू बाँडफाँट हुँदै आएका छन्।

इराकमा केही महीना यतादेखि राजनीतिक विवाद बढ्दै गएको छ। राजनीतिक विवादको कारण शिया र सुन्नी मुस्लिम समुदायका नागरिकबीच आन्तरिक विवाद रहँदै आएको छ। रासस

# दक्षिण कोरियामा अहिले पनि दैनिक तीस हजारभन्दा बढी कोरोना सङ्क्रमित

सोल, २६ असोज/सिन्हवा

दक्षिण कोरियामा अहिले पनि दैनिक



३० हजारभन्दा बढी मानिस कोरोना भाइरसबाट सङ्क्रमित देखिने गरेका अधिकारीहरूले जनाएका छन्। यहाँ मङ्गलवार मध्यरातिको तथ्याङ्क अनुसार ३०,५३५ जनामा सङ्क्रमण देखिएको हो।

अघिल्लो २४ घण्टामा यहाँ त्यो सङ्ख्यामा सङ्क्रमित देखिएका यहाँका स्वास्थ्य अधिकारीहरूले समाचारमा जनाएका छन्। यहाँ अघिल्लो दिन अर्थात् सोमवारको तुलनामा १५ हजारभन्दा बढी सङ्क्रमित थपिएका हुन्। तर अघिल्लो हप्ता यहाँ ३४ हजारभन्दा बढी सङ्क्रमित देखिने गरेकामा त्योभन्दा कम देखिएको बताइएको छ।

गत हप्ता यहाँ दैनिक २० हजारको हाराहारीमा सङ्क्रमित देखिने गरेका थिए। त्यसको तुलनामा अहिले पुनः सङ्क्रमितहरू बढ्न थालेको स्वास्थ्य अधिकारीहरूले जनाएका छन्।

यहाँ पछिल्ला दुई दिनमा १५ जना सङ्क्रमितको ज्यान गएको छ। यो समेत कोरोना भाइरस सङ्क्रमणबाट ज्यान जाने व्यक्तिको सङ्ख्या २७,७२३ पुगेको छ।

कोरोना भाइरसको सङ्क्रमण शुरू भएदेखि यहाँ दुई करोड ५० लाखभन्दा बढी नागरिकमा सङ्क्रमण भएको बताइएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – धनखति | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – कर्मप्राप्ति | कन्या – राज्यभय |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – कडाश्रम | मकर – चोरभय |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

स्वरोजगार बनौं,
गरीबी हटाऔं।
वीरगंज महानगरपालिका कार्यालय


# निजगढ नपाका वडाध्यक्ष श्रेष्ठविरुद्ध किटानी जाहेरी

प्रस, निजगढ, २६ असोज/

निजगढ नगरपालिका–२ सिगौलका वडाध्यक्ष राजु भनिने राजन श्रेष्ठविरुद्ध इलाका प्रहरी कार्यालय, निजगढमा किटानी जाहेरी परेको छ। वडाध्यक्ष श्रेष्ठले सोही वडाकी छिमेकी १५ वर्षीया बालिकालाई ललाइफकाइ एक साताअघि गलत मनसायका साथ कानूनविपरीत हर्कत गरेको उजूरीमा जनाइएको छ।


राजन श्रेष्ठ

वडाध्यक्ष श्रेष्ठकी भान्जीकी साथी छिमेकी बालिकाले श्रेष्ठको घरमा आवतजावत गर्ने गरे पनि गत शैक्षिक सत्रदेखि ती बालिका बनेपाको एक विद्यालयमा अध्ययनरत छिन्। दशैं बिदामा निजगढ–२ सिगौल घर आएकी ती बालिकालाई पढ्नका लागि बनेपा पुऱ्याउन गएकी आमालाई निज बालिकाले डराइ–डराइ आफूलाई वडाध्यक्ष श्रेष्ठले एक वर्षयतादेखि गर्दै आइरहेको अमर्यादित व्यवहार, क्रियाकलाप र पछिल्लो दशैंको टीकाका दिन भएको घटनाबारे बताएपछि सो घटना बाहिर आएको हो।

गाउँकै एक व्यक्तिको घरमा आरोपित वडाध्यक्ष श्रेष्ठसहित पीडित पक्षबीच भएको गोप्य छलफलमा सो घटना बाहिर नल्याइदिन वडाध्यक्ष श्रेष्ठले आग्रह गरेपछि पीडित पक्षका आक्रोशित आफन्तले वडाध्यक्ष श्रेष्ठमाथि सामान्य हातपातसमेत गरेको स्रोतले जनाएको छ।

आफ्नी छोरीमाथि भएको घटनामा संलग्न वडाध्यक्ष राजन श्रेष्ठलाई पक्राउ गरी कानूनी दायरामा ल्याउन र आवश्यक कारबाही गर्न इलाका प्रहरी कार्यालय, निजगढमा मङ्गलवार बिहान पीडित बालिकाकी आमाले निवेदन दिएपछि सोही दिन दिउँसो पीडित बालिकालाई बनेपाबाट काठमाडौं–सिमराको हवाई उडानमार्फत निजगढ झिकाइ वडाध्यक्ष श्रेष्ठविरुद्ध किटानी जाहेरी दिन लगाइएको थियो।

यता वडाध्यक्ष श्रेष्ठसँग सो आरोपको विषयमा मङ्गलवार बिहान बुझ्दा आफूले कुनै गलत मनसायले ती बालिकालाई कुनै कार्य वा अमर्यादित क्रियाकलाप नगरेको बताए। उनी उक्त दिन बेलुकी करीब ५:३० बजे आफूलाई थाहै नदिई आफ्नो घरको माथिल्लो कोठामा रहेको आफ्नो कोठामा जाँदा एक्कासि देखेपछि राम्रोसँग पढ्नु भान्जी भन्दै सामान्यरूपमा कुममा छोएको आरोपित वडाध्यक्ष श्रेष्ठले प्रतीककर्मीलाई फोन सम्पर्कमा बताएका थिए। त्यस दिन बढीमा एक मिनेटभन्दा बढी भेटघाट नभएको र आफूले त्यति भनेपछि घर पठाएको वडाध्यक्ष श्रेष्ठले बताए। यस आरोपले आफू निकै मानसिक तनावमा परेको समेत वडाध्यक्ष श्रेष्ठले बताए। यता इलाका प्रहरी कार्यालय, निजगढमा वडाध्यक्षविरुद्ध निवेदन र किटानी जाहेरी परेकाले यस घटनाबारे अनुसन्धान शुरू गरिसकेको प्रहरी निरीक्षक सञ्जीव ओलीले बताए। बुधवार बिहान प्रनि ओलीसहितको टोली घटनास्थलको अनुसन्धानका लागि गई अनुसन्धान अघि बढाएको छ। वडाध्यक्ष श्रेष्ठलाई पक्राउ गर्न बारा जिल्ला अदालतले पक्राउ पुर्जी दिइसकेसँगै उनको खोजीमा प्रहरी सक्रिय भइसकेको छ। अहिलेसम्म वडाध्यक्ष प्रहरीको सम्पर्क बाहिर रहेको बुझिएको छ।

# विभिन्न समयमा फरार भएका तीनजना पक्राउ

प्रस, वीरगंज, २६ असोज/

जिल्ला प्रहरी कार्यालय, बाराले विभिन्न समयमा बारा जिल्ला अदालतबाट कैद तथा जरिवाना आदेश भएर फरार रहेका तीनजना अभियुक्तलाई पक्राउ गरी कैद भुक्तानको लागि अदालतको आदेशमा वीरगंज कारागार चलान गरेको छ।

जिप्रका, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले सवारी ज्यान मुद्दामा २०७५/३/२४ गते एक वर्ष कैद सजाय पाएका कलैया उपमहानगर–१० बस्ने ३२ वर्षीय दीपेन्द्र साह, २०७७/१०/२८ मा चोरी मुद्दामा चार महीना कैद र रु ३,३३३ जरिवाना भएका परवानीपुर गापा–१ बस्ने १९ वर्षीय रामकुमार कुशवाहा र लेनदेन मुद्दामा २०७८/११/१३ गते बारा जिल्ला अदालतबाट दुई वर्ष कैद सजाय पाएका आदर्श कोतवाला गापा–७ का ३९ वर्षीय बृजकिशोर महतोलाई असोज २५ गते पक्राउ गरेको र बारा जिल्ला अदालतमा हाजिर गरेको तथा अदालतको आदेशमा सजाय भुक्तानको लागि असोज २६ गते वीरगंज कारागार चलान गरिएको बताए।

# वाग्मती प्रदेशमा डेङ्गु सङ्क्रमितको सङ्ख्या २७ हजार बढी

वाग्मती, २६ असोज/रासस

वाग्मती प्रदेशमा लामखुट्टेको टोकाइबाट हुने डेङ्गु रोगको सङ्क्रमणबाट साउन महीनादेखि हालसम्म २७ हजार ७५० जना बिरामी भएको वाग्मती प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ। साथै सो रोगको सङ्क्रमणबाट वाग्मती प्रदेशमा २१ जनाको मृत्यु भएको छ।

वाग्मती प्रदेशका १३ जिल्लामध्ये सो रोगको सङ्क्रमणबाट काठमाडौं सबैभन्दा बढी प्रभावित भएको छ भने रसुवा सबैभन्दा कम प्रभावित भएको सो निर्देशनालयले जनाएको छ। काठमाडौंमा ११ हजार ४६७ र रसुवामा सातजना सो रोगबाट सङ्क्रमित भएको जनाइएको छ। निर्देशनालयका अनुसार ललितपुरमा आठ हजार १५, मकवानपुरमा तीन हजार ६०४, भक्तपुरमा दुई हजार १०८, चितवनमा एक हजार १६९, धादिङमा ६३८, काभ्रेमा २१५, नुवाकोटमा १३१, सिन्धुलीमा ११३, रामेछापमा १२५, सिन्धुपाल्चोकमा ९९ र दोलखामा ६९ जनामा डेङ्गु रोगको सङ्क्रमण पुष्टि भएको बताइएको छ। त्यस्तै, प्रदेशमा हालसम्म सो रोगको सङ्क्रमणबाट २१ जनाको मृत्यु भएको सो निर्देशनालयका विवरणमा रहेको छ। काठमाडौंमा सात, सिन्धुली र रामेछाप तीन/तीन, ललितपुर, मकवानपुर र चितवनमा दुई/दुई, भक्तपुर र धादिङमा एक/एकजनाको मृत्यु भएको छ।

# सानिमा बैंकले गरीब विद्यार्थीलाई छात्रवृत्ति दिने

नरेश यादव, पर्सागढी २६ असोज/

पर्सागढी नगरपालिका–३ बडनिहारबजारस्थित सानिमा बैंकले बुधवार छात्रवृत्तिसम्बन्धी कार्यक्रम गरेको छ।


तस्वीरः प्रतीक

शैक्षिक छात्रवृत्ति कार्यक्रम अन्तर्गत बैंकले पर्सागढी नपाभित्र स्थायी बसोबास गर्दै आएका दुईजना गरीब, जेहेनदार विद्यार्थीलाई प्रत्येक वर्ष उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्ति प्रदान गर्दै आएको छ।

यस वर्ष पनि सानिमा बैंकले चाँदनीकुमारी चौधरी र मुकेश दवाडीलाई छात्रवृत्तिको लागि छनोट गरिएको शाखा प्रमुख उमेश चौरसियाले बताए। छात्रवृत्ति छनोट समितिमा वडा नं ५ का अध्यक्ष नितेश मिश्र, प्रअ रामअशिष यादव, प्रअ रामनारायण पटवारी, समाजसेवी धनबहादुर गुरुङ, लक्ष्मी ढकालगायत रहेको शाखा प्रमुख चौरसियाले बताए।

# कटुवा पेस्तोल र चक्कुसहित एकजना पक्राउ

प्रस, वीरगंज, २६ असोज/

जिल्ला प्रहरी कार्यालय, बाराले कटुवा पेस्तोल र चक्कुसहित एकजनालाई मङ्गलवार साँझ पक्राउ गरिएको जनाएको छ।

बाराको पचरौता नगरपालिका–९ तियर खोलाको पुलबाट वडा नं ८ बाजोपट्टी टोल बस्ने २९ वर्षीय अमर राय यादवलाई हतियारसहित पक्राउ गरिएको जिप्रका, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिए।

यादवले बोकेको प्लास्टिकको बोराको झोलाभित्र लुकाएर राखिएको घरेलु कटुवा पेस्तोल एक थान र चक्कु एक थान बरामद भएपछि बारा जिल्ला अदालतबाट पहिलोपटक पाँच दिनको म्याद अनुमति लिई अनुसन्धान थालिएको प्रवक्ता थापाले बताए।


तस्वीर सौजन्यः जिप्रका, बारा

आगामी प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनलाई शान्तिपूर्णरूपमा सम्पन्न गर्ने उद्देश्यले बारा प्रहरीले अहिले चेकजाँचलाई तीव्रता दिएको प्रवक्ता थापाले जानकारी गराए। उनले सीमावर्ती भारतीय जिल्लाहरूबाट अवैध साना हातहतियार नेपाल भित्रिन नदिन प्रहरी सक्रियता बढाएको जानकारी गराएका छन्।

# फरक क्षमताका बालबालिकालाई शैक्षिक सामग्री

प्रस, वीरगंज, २६ असोज/

तिमीसँग आन्विका नामक संस्थाले सिद्धार्थ माविस्थित आशा किरण केन्द्रका फरक क्षमताका बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेको छ।

आन्विका संस्थाका प्रतिनिधि अनिल जायसवाल, केन्द्रका कोषाध्यक्ष सन्दीप मोहताले केन्द्रमा आश्रित सुस्तमनस्थिति, सेरिब्रल पाल्सी, मस्तिष्क पक्षाघात भएका बालबालिकाहरूलाई शैक्षिक सामग्री र स्कूल ब्याग हस्तान्तरण गरेका थिए।

केन्द्रका महासचिव राजन श्रीवास्तवको अध्यक्षतामा भएको कार्यक्रममा डा अशोक दासले मस्तिष्क पक्षघातबारे जानकारी गराएका थिए।




केन्द्रले विश्व मस्तिष्क पक्षघात दिवसको अवसरमा प्रत्येक वर्ष बालबालिकालाई सहयोग गर्दै आएको महासचिव श्रीवास्तवले बताए। कार्यक्रममा दिवाकर अमात्य, सुनील शाह, शिक्षिका रजनी वर्मा, सिन्धु कुशवाहालगायतको सहभागिता थियो।

# नियन्त्रणमा रहेका छाडा चौपाया आहारविहीन



महानगरको कान्जी हाउसमा रहेका छाडा चौपायाहरू। तस्वीरः प्रतीक

प्रस, वीरगंज, २६ असोज/

वीरगंज महानगरपालिकाले छाडा चौपाया नियन्त्रण अभियान सञ्चालन गरे पनि छाडा चौपायाहरू आहाराविहीन पारेको आरोप लागेको छ।

महानगरपालिकाले नगरप्रहरीमार्फत शहरका विभिन्न स्थानबाट छाडा चौपायाहरू नियन्त्रण गर्दै आएको छ। नगरप्रहरीले नियन्त्रणमा लिएका छाडा चौपायाहरूलाई आदर्शनगर रङ्गशाला अगाडि ह्यान्डबल ग्राउन्डमा राखिएको छ। ह्यान्डबल खेलको लागि बनाइएको चौर प्रयोगविहीन भएपछि सो चौरमा केही वर्षदेखि छाडा चौपाया राख्दै आएको हो।

स्थानीयले एक सातादेखि छाडा चौपाया सो स्थानमा राखिएको तर तिनीहरूलाई आहारा नदिइएको प्रतीकलाई बताए। वीरगंज महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेलले छाडा चौपाया नियन्त्रणमा लिएको स्वीकारे। तर तिनीहरूलाई आहार दिए/नदिएको बारेमा आफूलाई जानकारी नभएको बताए। उनले नियन्त्रणमा लिइएका चौपायाहरूलाई आहार दिनुपर्ने जिकिर गरे। यसबारेमा उनले बुझ्ने बताएका छन्।

वीरगंज महानगरका नगरप्रहरीहरूले एक सातादेखि सडकमा रहेका छाडा चौपायाहरू घोडा, गाई, भैंसी आदिलाई नियन्त्रणमा लिएर कान्जी हाउस बनाएको ह्यान्डबल चौरमा राख्दै आएका छन्।


## धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालीन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
- धुम्रपान गर्नेहरूको संगतबाट टाढा रहौं।
- धुम्रपानले तपाईं र परिवार सबैलाई असर पुऱ्याउँछ।

त्यसैले,

धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड





## गाँजासहित दुईजना पक्राउ

प्रस, सेढवा, २६ असोज/

पर्साको जीराभवानी गाउँपालिकाबाट प्रहरीले लागूऔषध गाँजासहित दुईजनालाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय, सेढवाका वरिष्ठ प्रहरी नायब निरीक्षक प्रकाश महतो नेतृत्वको टोलीले वडा नं १ मा रहेको जगतिया चोकबाट बिहान १०:१५ बजे सो गाँजा बरामद गरेको हो।

पक्राउ पर्नेमा धोबिनी गाउँपालिका वडा नं ५ निवासी नन्दलाल दास र छिपहरमाई गाउँपालिका वडा नं ३ निवासी बाघा यादव रहेको प्रहरीले जनाएको छ।

ठोरी गाउँपालिका वडा नं ५ सुवर्णपुरबाट वीरगंजतर्फ जाँदै गरेको बीआर २२ के २१८० नम्बरको भारतीय मोटरसाइकललाई सूचनाको आधारमा चेकजाँच गर्दा गाँजा बरामद भएको प्रहरीले जनाएको छ। उनीहरूसँग नौ किलो ३०० ग्राम गाँजा बरामद भएको प्रहरीले जनाएको छ। पक्राउ परेका दास र यादव तथा लागूऔषध गाँजा कारबाईका लागि जिल्ला प्रहरी कार्यालय, पर्सामा पठाइएको छ।

# खेलकूदको संसार

## नवौं राष्ट्रिय खेलकूदः नेपाली सेना १२ पदकसहित शीर्ष स्थानमा

कास्की, २६ असोज/रासस

नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गतका केही खेल यही असोज २३ देखि पोखरामा सञ्चालन भइरहेका छन्। राष्ट्रिय खेलकूद औपचारिकरूपमा असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशका आठ जिल्लामा हुँदैछ। समय र पूर्वाधार अभावका कारण केही खेल प्रतियोगिता उद्घाटन अगावै शुरू भएका हुन्। पुरुष क्रिकेट प्रतियोगिता यस अघि काठमाडौंमा सम्पन्न भइसकेको छ।



पोखरामा नवौं अन्तर्गत अहिले महिला क्रिकेट, फेन्सिङ र महिला तथा पुरुष ह्यान्डबल खेल जारी छ। हालसम्म सात स्वर्णसहित २७ पदकको छिनोफानो भएको छ। फेन्सिङमा छ स्वर्णसहित २४ पदकको टुङ्गो लागेको छ। नेपाली सेना हालसम्म पदक तालिकामा शीर्ष स्थानमा रहन सफल भएको छ। आर्मीले दुई स्वर्ण, चार रजत र छ कांस्य गरी १२ पदक प्राप्त गरेको छ। लुम्बिनी प्रदेशमा तीन वर्ष अघि सम्पन्न आठौं राष्ट्रिय खेलकूदमा विभागीय टोली नेपाली सेनाको त्रिभुवन आर्मी क्लब च्याम्पियन बनेको थियो। आर्मीकी रमाकुमारी सिंह र इन्द्र पौडेलले फेन्सिङमा स्वर्ण प्राप्त गरेका छन्।

यसैगरी वाग्मती प्रदेश दुई स्वर्ण र एक कांस्यसहित तालिकाको द्वितीय स्थानमा छ। वाग्मतीका ओमकार सिंह र शिक्षा नापितले फेन्सिङमा स्वर्ण जिते। सशस्त्र प्रहरीको एपिएफ क्लब एक स्वर्ण, दुई रजत र पाँच कांस्यसहित तेस्रो स्थानमा छ। एपिएफका राजेन्द्र गजुरेलले फेन्सिङमा स्वर्ण जिते।

सुदूरपश्चिम प्रदेशका जलेन्द्रबहादुर शाहीले फेन्सिङमा स्वर्ण जितेका छन्। सुदूरपश्चिमले एक स्वर्ण र एक कांस्य जितेको छ। नेपाल प्रहरीको पुलिस क्लबले पुरुष क्रिकेटमा स्वर्ण जितेको छ। आयोजक गण्डकी प्रदेशले हालसम्म एक कांस्य पदक प्राप्त गरेको छ। कर्णाली, लुम्बिनी, मधेस, प्रदेश नं १ र एनआरएन हालसम्म पदकविहीन छन्।

## पोखरामा खेलकूदको 'कुम्भमेला'को तयारी पूरा

काठमाडौं, २६ असोज/रासस

नवौं राष्ट्रिय बृहत् खेलकूद प्रतियोगिता सञ्चालनका लागि व्यवस्थापनलगायत आवश्यक सम्पूर्ण तयारी पूरा भएको छ। पोखरामा यही असोज २८ देखि कात्तिक ३ गतेसम्म आयोजना हुने खेलकूदको कुम्भमेलाका लागि व्यवस्थापनलगायत सम्पूर्ण तयारी पूरा भएको छ।

युवा तथा खेलकूद मन्त्रालयका सचिव सूर्यप्रसाद गौतमका अनुसार उपराष्ट्रपति नन्दबहादुर पुनले पोखरा रङ्गशालामा आयोजित विशेष समारोहमा उक्त प्रतियोगिता उद्घाटन गर्नेछन्। प्रतियोगिता आगामी शुक्रवार उद्घाटन हुने भए पनि पुरुष



तस्वीरः रासस

क्रिकेट प्रतियोगिता यस अघि नै सम्पन्न भइसकेको छ। यस्तै महिला क्रिकेट, ह्यान्डबल फेन्सिङलगायत केही खेल पनि शुरू भइसकेका छन्। प्रतियोगिता समापन समारोहमा प्रधानमन्त्री शेरबहादुर देउवा प्रमुख अतिथिका रूपमा सहभागी हुनेछन्।

खेलकूदप्रति चासो राख्ने सबैको ध्यान अहिले पोखरा र त्यस वरपरका जिल्लामा सञ्चालन हुने प्रतियोगितामा केन्द्रित भएको छ। गण्डकी प्रदेशका लमजुङ, मनाङ र मुस्ताङबाहेक जिल्लामा सञ्चालन हुने प्रतियोगितामा ३६ खेल विधा समेटिएका छन्। प्रतियोगिता सञ्चालन र व्यवस्थापनका लागि पोखरामैं सचिवालय खडा भइसकेको सचिव गौतमले जानकारी दिए। विसं २०४० मा दोस्रो राष्ट्रिय खेलकूद गरेको पोखराले चार दशकपछि पुनः प्रतियोगिता सञ्चालन गर्न लागेको हो। नेपालको खेलकूदको कुम्भमेलाका रूपमा रहिआएको यस प्रतियोगितामा करीब ८ हजार खेलाडीसहित अफिसियल, प्रशिक्षक सहभागी हुनेछन्। प्रत्येक दुई वर्षमा आयोजना हुनुपर्ने यो प्रतियोगिता कोरोना सङ्क्रमणले केही समय ढिला भएको हो।

प्रतियोगितामा केही खेलविधा तनहुँ, स्याङ्जा, पर्वत, गोरखा, नवलपुर, म्याग्दी र बाग्लुङमा सञ्चालन हुनेछन्। आजसम्म सबै खेलाडी तोकिएको खेलस्थल पुग्ने कार्यक्रम छ। प्रतियोगितामा सात प्रदेश, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी तीन विभागीय र गैरआवासीय नेपाली सङ्घ ~~(एनआरएन) टिमले स्वर्ण ३९३, रजत ३९३~~ र कांस्य ६ सयका लागि प्रतिस्पर्धा गर्नेछन्। खेलकूद समाजका सबै जातजाति र समुदायलाई एकीकृत र समावेशी प्रतिनिधित्व गराउने सशक्त विधा हो।

प्रतियोगितामा एथलेटिक्स, क्रिकेट, ब्याडमिन्टन, फूटबल, टेनिस, बक्सिङ, भलिबल, जिमन्यास्टिक, ह्यान्डबल, सफ्टटेनिस, सेपाताक्रो, स्क्वास, उसु, जुडो, 'फुलकन्ट्याक्ट' कराँते, पौडी, हक्की, भारत्तोलन, गल्फ, साइक्लिङ, ट्रायथलन प्याराग्लाइडिङ, आर्चरी, फेन्सिङ, कबड्डी, आइटिएफ तेक्वान्दो, बास्केटबल, कराँते, बुद्धिचाल र कुश्तीलगायत केही प्रदर्शनी खेल समेटिएको छ। प्रतियोगितामा ३,६८५ महिलासहित ७,७९० खेलाडीले विभिन्न खेलमा प्रतिस्पर्धा गर्नेछन्।

प्रतियोगिता आयोजक समितिका सदस्यसचिव फणिन्द्र पौडेलका अनुसार प्रत्येक टोलीबाट कम्तीमा ३३५ महिला खेलाडीको समेत सहभागिता रहने छ। प्रतियोगिताका लागि खेलाडी प्रशिक्षण र तयारीका लागि केन्द्रीय सरकारले प्रत्येक प्रदेशलाई रु ४९ लाख रकम उपलब्ध गराएको थियो। प्रतियोगिताको मुख्य आकर्षणका रूपमा यसपटक रु १० लाखको लागतमा 'रनिङ ट्रफी' तयार गरिएको छ। प्रतियोगिता गर्न सङ्घीय सरकारले रु ६० करोड बजेट निकासा गरेको थियो। प्रदेश सरकारबाट पनि प्राथमिकताका साथ रकम विनियोजन गरिएको छ।

प्रतियोगिता ऐतिहासिक र भव्यरूपमा सम्पन्न गर्न १३ विभिन्न विषयगत समिति गठन गरी सहभागिता, समन्वय र सहजीकरणको काम भइरहेको छ। विगतमा सङ्घीय संरचनाको ढाँचामा हुँदै आएको प्रतियोगिता पहिलोपटक यसपटक प्रादेशिक संरचनामा हुन लागेको हो। प्रतियोगिताबाट नयाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडीको पहिचान र छनोट हुने अपेक्षा गरिएको छ।

### नेता श्रेष्ठद्वारा एमाले.....

प्रदेशसभाको टिकट दिएपछि एकबहादुर श्रेष्ठसहित नेता, कार्यकर्ता एमालेदेखि रुष्ट बनेका छन्।

यसअघि श्रेष्ठले स्थानीय तहको निर्वाचनमा समेत स्वतन्त्र उम्मेदवारी मनोनयन दर्ता गराएपछि पार्टी अध्यक्ष केपी शर्मा ओलीले पार्टीलाई सहयोग गर्नोस् तपाईंलाई पार्टीले उचित कदर गर्ने आश्वासन दिएका थिए। उनी अध्यक्ष ओलीको आग्रहमा पुनः पार्टीमा नै रहेका कारण भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनमा निजगढ नगरप्रमुख पदमा एमालेले जीत हात पार्न सफल भएको थियो।

नेकपा एमालेले पार्टीमा जीवनभर निरन्तर इमानदारीका साथ लागि रहे पनि त्यसको अवमूल्यन गर्दै मनोमानी ढङ्गले टिकट वितरण गरेको, गुटहरूको थलो रहेको भन्दै एमाले पार्टी परित्याग गर्न आफूहरू विवश भएको नेता श्रेष्ठ, खड्का र लम्सालको भनाइ छ।

### सहकारीको साधारणसभा.....

आफ्नो विचार राख्न सफल भएको बुझेको छु।

साना किसान कृषि सहकारी संस्थाकी अध्यक्ष पारवती देवी यादवको अध्यक्षतामा भएको कार्यक्रममा सिम्रौनगढ नगरपालिका वडा नं ८ को अध्यक्ष रामदिनेशप्रसाद यादव, कृषि विकास तथा सङ्रक्षण समाज कचोर्वाका अध्यक्ष रामबाबू प्रसाद यादव, नमस्ते नेपाल सहकारी संस्थाको सञ्चालक सुरेशप्रसाद यादव, दिगो कृषि बचत तथा ऋणी सहकारी संस्था कचोर्वाका अध्यक्ष रामएकबालप्रसाद यादव, साना किसान कृषि सहकारी संस्था, मनहर्वा, अध्यक्ष पुष्पराज खतिवडा, साना किसान तेतरिया कि अध्यक्ष कान्तिदेवी चौधरी सिम्रौनगढ कि ललितादेवी दास, दीलिपकुमार कर्ण, कचोर्वाका फणीलाल यादव लगाएतले शुभकामना विचार राखेका थिए। सुनीतादेवी कुशवाहाले स्वागत गरेको यो कार्यक्रममा अध्यक्ष प्रतिवेदन पारर्वती देवी,प्रबन्धक प्रतीवेदन पणीलाल यादवले प्रस्तुत गरेका थिए।

कार्यक्रमको सञ्चालन साना किसान तेतरियाका प्रबन्धक भुपेन्द्र चौधरीले गरेका थिए।